संघीय शिक्षा ऐन सरकारको उच्च... | पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ •अंक २०६ • २०८० साल पुस ८ गते आइतबार (24 December, Sunday, 2023) •पृष्ठ ८ •मूल्य रु. ५।-

## जसपामा फेरि रेणु नै बलियो

# फकाउन अध्यक्ष यादव सप्तरीमा राष्ट्रिय सभाको आश्वासन

**टुडे समाचारदाता**

राजविराज । सप्तरीमा देखिएको पार्टी भित्रको आन्तरिक विवाद मिलाउनका लागि जनता समाजवादी पार्टी (जसपा)का अध्यक्ष उपेन्द्र यादव आफैं सप्तरी पुगेका छन् । सप्तरीको पर्सामा असन्तुष्ट पक्षले समानन्तर जिल्ला कमिटी बनाएपछि पार्टीको नेतृ रेणु यादवलाई फकाउन अध्यक्ष यादव सप्तरी पुगेका छन् । मधेश प्रदेशमा रेणु बलियो अवस्थामा पुगेपछि अध्यक्ष यादव उनलाई फकाउन सप्तरी पुगेका छन् ।

सप्तरीमा कार्यकारिणी सदस्य रेणु यादव र केन्द्रीय सदस्य शैलेन्द्र साहको अगुवाइमा उमेश यादवको नेतृत्वमा अर्को कार्य समिति बनेको छ। जो समिति निर्वाचित समिति भन्दा बलियो देखिएको छ। जसपा सप्तरी जिल्ला समितिका अध्यक्ष केदार यादव छन्। उनको विपक्षमा उमेश यादवको नेतृत्वमा नयाँ कार्य समिति बनेको छ।

जिल्ला जिल्लामा देखिएको विवाद समाधान गर्नका लागि जसपा मधेश प्रदेश समितिका अध्यक्ष रामबाबु यादवको संयोजकत्वमा कार्यदल गठन भएको थियो। त्यो कार्यदलले पनि समस्या समाधान गर्न नसकेपछि अध्यक्ष यादव आफै सप्तरी पुगेका छन्। उनले दुवै पक्षका नेतासँग यस विषयमा छलफल गरी समस्या समाधानका लागि प्रयास गर्ने जसपाका एक जना कार्यकारिणी सदस्यले बताए।



जनता समाजवादी पार्टी (जसपा)मा महिला नेतृको रुपमा रेणु यादव प्रभावशाली नेतृको रुपमा मानिन्छ । जसपाले उनलाई राष्ट्रिय सभा सदस्य बनाउने आश्वासन दिएपछि त्यहाँको विवाद साम्य हुने देखिएको जसपाका एक नेताले जानकारी दिए । जसपामा नेतृ यादवलाई उपेक्षा हुन थालेपछि उनी लगायत केही नेताहरु जिल्ला जिल्लामा समानान्तर समिति बनाउन थालेका थिए । तर, अध्यक्ष यादवले यस विवादलाई समाधान गर्नका लागि आफैले थालेको पहल सकारात्मक हुने ती नेताले विश्वास व्यक्त गरेका छन् ।

रेणु यादव मधेश आन्दोलनको बेला पार्टीका अध्यक्ष यादवको काँधमा काँध मिलाएर हिडेकी नेतृ रहेकी जसपाका पुराना नेताहरुको भनाइ छ ।

जसपामा समानान्तर समिति गठन हुने होडवाजी चलेपछि पार्टीका अध्यक्ष यादवले आफै पहल थालेका छन्। जनकपुरधाम नगर समितिमा समेत समानान्तर समिति गठन गरिएको छ भने पर्सामा समेत समानान्तर समिति गठन गरिएको छ। समानान्तर समिति गठन हुँदा पार्टी कमजोर हुने र यसले पार्टीलाई दीर्घकालीन असर पर्न सक्ने भएकाले पार्टी अध्यक्ष सप्तरी पुगेका छन् । सप्तरीबाटनै उनी आन्तरिक कलहहरु समाधान गर्दै जाने भएका छन् ।

सप्तरी निर्वाचन क्षेत्र नम्वर २ पार्टी अध्यक्ष उपेन्द्र यादवको निर्वाचन क्षेत्र छन् जहाँ आन्तरिक कलकहै कारण उनी जनमतका अध्यक्ष सीके राउतबाट पराजित हुनु परेको थियो ।

खुशिको खबर ! खुशिको खबर !! खुशिको खबर !!!

**कृष्णा मेडिकल एण्ड टेक्निकल रिसर्च सेन्टर (अस्पताल)**

ब्रह्मपुरी, जनकपुरधाम-९, धनुषा (नेपाल)
साबिकको जानकी मेडिकल कलेजको सिटी हस्पिटल भवनमा



**डा. हेमन्त कुमार साह**
एन.एम.सी.नं. १५०४०
एम.बि.बि.एस., एम.एस. (न्यूरोसर्जरी)
एम.सी.एच., न्यूरोसर्जरी (टि.यू., आई.ओ.एम.)
**कन्सल्टेन्ट न्यूरोसर्जन**

☞ यहाँ Brain तथा Spinal सम्बन्धित सबै शल्यक्रिया (Operation) आधुनिक मेशिनद्वारा गरिन्छ ।
☞ यहाँ २४ घण्टा ICU तथा Emergency सेवा उपलब्ध छ ।

१) टाउको दुख्नु (Migraine headache) अर्द्धकपारी
२) टाउको, ढाड, हात तथा खुट्टाको समस्या
३) नशा च्यापिनु
४) छारे रोग
५) हात, खुट्टा पोल्नु
६) हात, खुट्टा झमझम गर्नु र कामनु
७) रिंगटा लाग्नु
८) प्यारालाइसिस
९) हिडदा हुतिनु
१०) पक्षघात (Brain Haemorrhage, Brain Tumor)




टाउको तथा नाशामा चोटपटक लाग्नु सम्बन्धी सम्पूर्ण रोगको लागि एउटै गन्तव्य ।
**सम्पर्क नं. ०४१-५९१०९२, ९८१४०२९७६९**

मधेश प्रदेशको राजधानी सांँस्कृतिक नगरी जनकपुरधाम स्थित होटल

ANJANI SUITE




**विशेषताहरु**
- लक्जरीयर्स रुमहरु
- ठुलो पार्किङ्ग
- जनकपुरधामको रमणीय दृश्य देखिने रुफटप रेष्टुरेन्ट
- EV चार्जिङ्ग स्टेशनको व्यवस्था
- मल्टीक्यूजन रेष्टुरेन्ट, पार्टी हल, कन्फेन्स हल
- विमानस्थलबाट पिकअप एण्ड ड्रपको व्यवस्था

**सम्पर्क नं. ९८५४०३०५०२, ९८५४०२७५९१**

## लोहारपट्टी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
लोहारपट्टी, महोत्तरी
मधेश प्रदेश, नेपाल

### जनहितमा जारी सन्देश

- घर निर्माण गर्नु अगाडि अनिवार्य रुपमा नगरपालिकाबाट नक्शा पास गरौं ।
- घर निर्माण गर्दा भुकम्प प्रतिरोधी गराउने सम्बन्धमा कुनै सम्झौता नगरौं ।
- घर निर्माण गर्नु अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डको बारेमा जानकारी राखौं र सो को पालना गरौं ।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरु अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं ।
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं ।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भुमिका निर्वाह गरौं ।
- आफ्नो टोल बस्तीमा हुने विकासका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा सदैव जागरुक बनौं ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- घरमा उत्पादन हुने फोहोरलाई कुहिने र नकुहिने छुट्याएर राखौं । कुहिने फोहोरबाट घरमै मल निर्माण गरौं ।
- हाम्रो टोल, बस्तीको सफाईले हाम्रो सभ्यताको परिचय दिन्छ । आफ्नो घर, टोल र सार्वजनिक क्षेत्र सदैव सफा राखौं ।
- कर तिर्न भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो । तसर्थ विकासका खातिर समयमै तोकिएको कर दस्तुर नगरपालिकामा बुझाउने गरौं ।
- नगरबासीको नाताले खुल्ला स्थानमा दिशा गर्नु लाजमर्दो काम हो । तसर्थ सबैले शौचालय निर्माण गरी प्रयोग गरौं ।
- नगरपालिकाबाट प्राप्त हुने सेवाका सम्बन्धमा सदैव चासो राखौं । तपाईले जति बढी चासो देखाउनु हुन्छ, नगरपालिका त्यति धेरै जनउत्तरदायी बन्दछ ।
- सडक छेउ किनारामा निर्माण सामग्रीहरु नराखौं ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं ।
- बालश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहुवर्षीय बिरुवा रोपौं ।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- बालश्रमको प्रयोग नगरौं । नगरपालिकालार्य बालश्रममुक्त नगर बनाऔं । सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- छोराछोरीमा भेदभाव नगरौं । दुवै समाजका सम्पत्ति हुन्, बालबालिकाको लालन, पालन र शिक्ष दिक्षमा ध्यान दिऔं ।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीहरुमा पशुपालन, कुखुरापालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा यस पालिकालाई सहयोग गरौं । सार्वजनिक स्थलमा जतातत‌ै फोहोरमैला नफालौं ।
- स्वस्थ्य रहन सरसफाईमा ध्यान दिऔं । आफ्नो घर आँगनबाट उत्पन्न हुने फोहोरमैलालाई उचित व्यवस्थापन गरी सफा, सुन्दर बनाउन सहयोग गरौं ।
- शौचालयमा दिसा, पिसाब गरेपछि साबुन पानीले हात धुने बानी बसालौं, जसबाट महामारीका रुपमा आउने रोगबाट बचौं ।
- हरेक गर्भवतीले नजिकको स्वास्थ्य संस्थामा गई नियमित गर्भजाँच गरौं । २ वर्ष मुनीका बच्चाहरुलाई नजिकको स्वास्थ्य संस्थामा लगेर मासिक रुपमा नियमित तौल लिने गरौं । कम तौल र कुपोषण हुनबाट बचाऔं ।



विवाह पञ्चमीको अवसरमा अन्नबाट बनाइएको श्रीरामजाकी प्रतिमामा दशनार्थीहरुबाट १ लाख ८ हजार ५ सय १० रुपैयाँ दान पेटिकामा संकलन भएको छ। तस्विर : टुडे

# सर्लाहीमा चिनी मिलमा उखु क्रसिङ थालियो

सर्लाही । सर्लाहीमा चिनी मिल सञ्चालकले उखु क्रसिङ थालेका छन् । यहाँका तीनवटा चिनी मिलमध्ये दुईवटाले उखु क्रसिङ सुरु गरेका हुन् ।

हरिवन नगरपालिका-११ स्थित इन्दुशङ्कर चिनी उद्योग र महालक्ष्मी चिनी उद्योग बगदहले चालु यामका लागि उखुको क्रसिङ सुरु गरेका छन् । अन्नपूर्ण चिनी मिल धनकौलले भने अझै उखु क्रसिङ सुरु गरेको छैन । गत मङ्सिर २६ गतेदेखि चालु यामको उखु क्रसिङको तयारी थालेको इन्दुशङ्करले जिल्लाका उखु उत्पादक किसानले आन्दोलन थालेपछि उखु उत्पादक किसानको आग्रहलाई स्वीकार गर्दै केही समय क्रसिङ रोकेको उद्योगका उखु प्रबन्धक योगनारायण रजकले जानकारी दिनुभयो । मङ्सिर २६ गतेदेखि नै उखु क्रसिङ थाल्ने उद्योगको तयारी थियो ।



उखु उत्पादक किसानले राज्यले चालु यामका लागि उखुको मूल्य निर्धारण नगरेको र गत वर्ष उखु बिक्री गरेका उखु उत्पादक किसानलाई दिनुपर्ने अनुदानबापतको रु ५२ करोड हालसम्म पनि भुक्तानी नगरेको भन्दै आन्दोलन गरेका थिए । उखु उत्पादक किसानको सहमतिमा चालु यामको क्रसिङ सुरु गरिएको प्रबन्धक रजकको भनाइ छ । उहाँका अनुसार उद्योगले चालु याममा करिब ३५ लाख क्विन्टल उखु क्रसिङ गर्ने लक्ष्य लिएको छ । उद्योगले गत वर्ष २८ लाख २० हजार क्विन्टल उखु क्रसिङ गरेको थियो ।

यस्तै महालक्ष्मी चिनी उद्योग बगदहले पनि उखु क्रसिङ थालेको छ । सरकारले यस वर्षका लागि उखुको मूल्य प्रतिक्विन्टल रु छ सय ३५ निर्धारण गरेको छ । मूल्य निर्धारणप्रति उखु उत्पादक किसान असहमत रहेका नेपाल उखु उत्पादक किसान महासङ्घका अध्यक्ष कपिलमुनि मैनालीले बताउनुभयो । रासस

# टि-ट्वान्टी प्रतियोगितामा पुलिसको पहिलो जित




वीरगञ्ज । पर्साको वीरगञ्जमा जारी दोस्रो संस्करणको प्रो क्लब क्रिकेट च्याम्पियनसिप टि-ट्वान्टी प्रतियोगितामा नेपाल पुलिस क्लबले पहिलो जित हात पारेको छ ।

वीरगञ्जस्थित नारायणी रङ्गशालामा सञ्चालित सो प्रतियोगिताअन्तर्गत शनिवार बिहान भएको पहिलो खेलमा भारतको युपी ११ लाई ६ विकेटले पराजित गर्दै पुलिसले पहिलो जित हात पारेको हो । यो जितसँगै पुलिसले दुई अङ्क बटुलेको हो ।

टस जितेर पुलिसले पहिले फिल्डिङ राजेपछि ब्याटिङमा उत्रेको युपी ११ ले निर्धारित २० ओभरमा सात विकेट गुमाएर ८८ रनको योगफल जोडेको थियो ।

युपी ११ का लागि लिखिल प्रताफे २४, जयदीप सिंहले १७, सुभम चौधरीले १५, भीम शर्माले ११ तथा मन्थन प्रसादले १० रनको योगदान दिनुभयो । युपी ११ का तीन जना खेलाडी रन आउट भएका थिए ।

भारतको युपी ११ लाई मध्यम स्कोरमा रोक्न पुलिसका सागर ढकाल र रसिद खानले समान २/२ विकेट हात पार्नुभयो । सो लक्ष्य पुलिसले १४ दशमलव २ ओभरमा ४ विकेट गुमाएर भेटाएको छ ।

पुलिसका लागि शङ्कर राणाले अविजित ३१ रनको योगदान दिनुभयो भने कप्तान आसिफ शेखले २३ तथा दिलीप नाथले २१ रनको महत्वपूर्ण पारी खेल्नुभयो । पुलिसका सुनिल धमला-७ तथा अर्जुन साउद शून्य रनमा रनआउट हुनुभयो ।

भारतको युपी ११ का सहनसा अहमले २ विकेट लिनुभयो भने भीम शर्मा र असि अन्सारीले समान १/१ विकेट हात पार्नुभयो । प्रतियोगिताको म्यान अफ द म्याच पुलिसका शङ्कर राणा घोषित हुनुभयो ।

प्रतियोगिताअन्तर्गत शनिवार हुने दोस्रो खेलमा पर्सा ११ र भारतको भारतको वान्डर्स क्लबबीच हुने आयोजकले जनाएको छ ।

जीर्ण बन्दै गएको वीरगञ्जस्थित नारायणी रङ्गशाला पुनःनिर्माणतर्फ तीनै तहको सरकारको ध्यानाकर्षण गराउन र क्रिकेट खेलको विकास गर्ने उद्देश्यले पर्सा क्रिकेट सङ्घ र जोहरा इन्टरनेशनलको संयुक्त आयोजनामा सुरु भएको प्रतियोगितामा पर्सा-११, त्रिभुवन आर्मी, नेपाल पुलिस, एपिएफ क्लब, भारतको वान्डर्स क्लब र युपी-११ गरी ६ टिमको सहभागिता रहेको प्रतियोगिता म्यानेजर दाउद अन्सारीले जानकारी दिनुभयो । प्रतियोगिता यही पुस १४ गतेसम्म सञ्चालन हुनेछ । रासस

# पूर्वीनाकालाई सौन्दर्यकरण गर्न 'संकल्प अभियान'

झापा । पूर्वीनाका काँकडभिट्टालाई सौन्दर्यकरण गर्न स्थानीयवासीले स्वस्फूर्तरुपमा 'सङ्कल्प अभियान' सुरु गरेका छन् । काँकडभिट्टा पर्यटक भित्रिने पूर्वको मूलनाका भएकाले यसको थप सौन्दर्यकरण गर्न थालिएको स्थानीयले बताएका छन् ।

एसियाका भारत, बङ्गलादेश, म्यान्मार, थाइल्यान्डलगायत ३२ मुलुकलाई सडक सञ्जालले जोड्ने एसियाली राजमार्गअन्तर्गत चार लेनको पुल र पाँच सय मिटर पहुँचमार्ग सञ्चालनमा आएको एक वर्ष बितिसक्दा पनि पूर्वीनाकाको सौन्दर्यकरणमा कसैले ध्यान नदिएपछि स्थानीयको पहलमा अभियान थालिएको अभियानका संयोजक विजय डालमियाले बताउनुभयो । नाका व्यवस्थित, सफा, सुन्दर र पर्यटकमैत्री हुनुपर्दछ भन्ने उद्देश्यले नागरिक स्वस्फूर्तरुपमा काँकडभिट्टाको सौन्दर्यकरण अभियानमा होमिएका उहाँले जानकारी दिनुभयो ।

अभियानमा सामाजिक सङ्घ संस्था, व्यवसायी, बुद्धिजीवी, कलाकार, सञ्चारकर्मी, राजनीतिकर्मी, स्थानीयलगायत अभियानमा सहभागी भएका डालमियाले बताउनुभयो । अभियानले पहिलो चरणमा पूर्वीनाकामा रहेको मेची पुलदेखि एसियाली राजमार्गको पहुँचमार्गअन्तर्गत आसपासका क्षेत्रमा सरसफाइ र सौन्दर्यकरणका विभिन्न काम गर्ने योजनाअनुरुप अगाडि बढेको उहाँले जानकारी दिनुभयो ।




**पूर्वीनाकाको प्रवेशद्वारमा टाढाबाटै देखिने गरी अग्लो राष्ट्रिय झण्डा राखिने र सडकका भित्तामा राष्ट्रिय गौरव झल्किने चित्रकला बनाइने अभियानले जनाएको छ । अभियानले नाकाको सौन्दर्यकरण कार्यक्रममा मेचीनगर नगरपालिका, मेची भन्सार कार्यालय र सुरक्षा निकायसंग समन्वय गरिरहेको अभियान्ता पोखरेलले बताउनुभयो ।**

"जोकोही पर्यटक नेपाल भित्रिँदै गर्दा सबैभन्दा पहिला अब नेपाल प्रवेश गर्दैछु र नेपाल साह्रै सुन्दर देश हो भन्ने अनुभूति गर्न सकोस्", अभियन्ता दीपक पोखरेलले भन्नुभयो, "यसका लागि नाका सफा, सुन्दर र राष्ट्रिय पहिचानयुक्त हुनुपर्‍यो । हामी अभियानमार्फत नियमित सरसफाइ कार्यक्रम गर्नेछौँ । सडकका दायाँबायाँका भित्तामा चित्रकला सजाउनेछौँ । खाली जमिनमा फूलसहित बगैँचा बनाउनेछौँ ।"

सुरुमै महँगो काम नसोचिएको र सानासाना कामबाट नाकालाई मनमोहक र हेरुहेरु लाग्ने गरी कार्यक्रम अघि सारिएको जनाउँदै पोखरेलले पुरानो मेची पुल पार गर्ने बित्तिकै दोबाटोमा रहेको 'कर्नर आइल्यान्ड'लाई सुन्दर बगैँचामा रुपान्तरण गरिने जानकारी दिनुभयो ।

पूर्वीनाकाको प्रवेशद्वारमा टाढाबाटै देखिने गरी अग्लो राष्ट्रिय झण्डा राखिने र सडकका भित्तामा राष्ट्रिय गौरव झल्किने चित्रकला बनाइने अभियानले जनाएको छ । अभियानले नाकाको सौन्दर्यकरण कार्यक्रममा मेचीनगर नगरपालिका, मेची भन्सार कार्यालय र सुरक्षा निकायसँग समन्वय गरिरहेको अभियान्ता पोखरेलले बताउनुभयो ।

भारत सरकारले एसियाली राजमार्गअन्तर्गत चार लेनको मेची पुल र नेपालतर्फ पाँच सय मिटर लामो छ लेनको फराकिलो सडक गत वर्ष नै निर्माण गरेको हो । यस राजमार्ग म्यान्मा र बङ्गलादेश हुँदै भारतको पानीटङ्याकी सीमाबाट नेपालको काँकडभिट्टा नाका प्रवेश गर्दछ । पहुँचमार्गमा सडक कालोपत्रे, रात्रि बत्ती र फुटपाथ रेलिङ निर्माण गरिए पनि सडकको बीचमा रहेको लेन छुट्याउने भाग र वरपरको खाली ठाउँमा सौन्दर्यकरण गर्ने कार्य नभएकाले थानीयवासीको पहलमा काम थालिएको संयोजक डालमियाले बताउनुभयो ।

हाल नाकामा सशस्त्र प्रहरी, नेपाल प्रहरी र मेची भन्सारको आ-आफ्नै चेकजाँच टोली बस्दै आएको छ । सुरक्षाकर्मी र पर्यटकका लागि निर्मित अपाङ्गमैत्री शौचालय, खानेपानीको धारा र कोरोनाकालीन अस्थायी होल्डिङ सेन्टर बेवारिसे अवस्थामा छन् । खानेपानीको आधा दर्जन धारा, पिउने पानीको स्वच्छताका लागि जडान गरिएका अत्याधुनिक प्रशोधन उपकरण र आधुनिक शौचालय प्रयोगविहीन बनेका छन् । पानी फिल्टर गर्ने मेसिनमा खिया लाग्न थालिसकेको छ भने अपाङ्गमैत्री भनिएको शौचालयमा सिँढी राखेर उक्लिन नसकिने बनाइएको छ ।

एसियाली राजमार्गको पहुँचमार्ग निर्माणपछि नाकाको पुराना संरचना सबै भत्काइएकाले नेपाली भूभागको पहिचानका लागिसमेत नाकामा राष्ट्रिय पहिचानको झल्को दिने नयाँ संरचना निर्माण गरिनुपर्ने अभियन्ता राजु कार्कीले बताउनुभयो ।

मेची भन्सार कार्यालयका प्रमुख रामप्रसाद पाठक, इलाका प्रहरी कार्यालय काँकडभिट्टाका प्रहरी नायब उपरीक्षक दीपक भारती, मेचीनगरका पूर्वनगरप्रमुख विमल आचार्य, वडाध्यक्ष ललित तामाङ, पूर्वमेची यातायात प्रालिका अध्यक्ष विष्णुकुमार श्रेष्ठलगायतलाई अभियानका योजनाबारेमा थप जानकारी दिन शनिवार स्थलगत अवलोकन गरिएको छ ।

नाकालाई व्यवस्थित र सौन्दर्यकरण गर्ने अभियान सकारात्मक रहेको जनाउँदै इप्रका काँकडभिट्टाका प्रहरी नायब उपरीक्षक भारतीले आफ्नो तर्फबाट सहयोग रहने बताउनुभयो । रासस


## माइग्रेशन हरायो

मेरो निम्न ब्यहोरा भएको कक्षा १२ (प्लस टू)को माइग्रेशन मिति २०८०/०३/१२ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ ।

**नाम : विशाल साह**
**सिम्बोल नं.: २१७०१०२४**
**रजिष्ट्रेशन नं.:७८२१७०११०२८९**
**ठेगाना: जि.ध.जनकपुरधाम उपमनपा -१२**
**मो.नं.९८०७६१३५१०**


## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : अवसर प्राप्त । |
| बृष | : वाद विवादबाट बच्नु । |
| मिथुन | : पुरस्कार प्राप्त लाभ । |
| कर्कट | : नयाँ कार्य हुने । |
| सिंह | : बौद्धिक क्षमता । |
| कन्या | : प्रतिभा सम्पन्नता । |
| तुला | : शिक्षामा उन्नति । |
| वृश्चिक | : पारिवाहिक सुख । |
| धनु | : धन वृद्धि सञ्चय । |
| मकर | : प्रेम प्रसंग, मित्र सुख । |
| कुम्भ | : सुख समृद्धि हुने । |
| मीन | : भ्रमण अवसर हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# औरही गाउँपालिकामा खाद्य बैंक स्थापना



**टुडे समाचारदाता**

लहान । सिरहाको औरही गाउँपालिकामा सामुदायिक खाद्य बैंकको स्थापना भएको छ । आसमा नेपालले सो बैंक स्थापना गरेको हो । चार कोठे भवनामा स्थापना भएको सो खाद्य बैंकमा गहुँ, चामल, दाललगायत खाद्यान्न राखिनेछ र कुनै विपद् आइपरेको बेला त्यसलाई वितरण गर्ने औरही गाउँपालिका स्वास्थ्य शाखा प्रमुख डा.उपेन्द्र यादवले बताए ।

खाद्य बैंकमा चामल, गहुँलगायतका अन्न राख्ने कार्य सुरु भएको छ । आसमा नेपालले पच्चास बोरा चामल सो बैंकमा राखेको छ । गाउँका अन्य दाताले पनि अन्न राखेका छन् । शुक्रबार सिरहाका प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डे, औरही वडा नम्बर ५ का वडा अध्यक्ष रामपृत यादव, सिरहा स्वास्थ्य कार्यालयका प्रमुखलगायतले त्यसको निरीक्षण गरेका थिए ।

स्वास्थ्य शाखा प्रमुख उपेन्द्र यादवका अनुसार सो बैंकबाट बाढी, आगलागीलगायत अन्य विपद्को अवस्थामा पीडितलाई खाद्यान्न वितरण गरिनेछ । त्यसबाहेक त्यसको अवस्था हेरेर आवश्यकताअनुसार असहाय गरिब र निमुखालाई पनि खाद्य वितरण गरिनेछ ।

यस अभियानको उद्देश्य खान नपाएर कोही पनि नमरोस् भन्ने रहेको बताइएको छ । यसको सञ्चालन तथा व्यवस्थापनका लागि मापदण्ड तयार हुन बाँकी छ । आसमा नेपालले हस्तान्तरण गरिसकेपछि गाउँपालिकाले यसको व्यवस्थापन तथा सञ्चालनका लागि मापदण्डहरु तयार गर्ने उनले बताए । पुस १३ गते हस्तान्तरण कार्यक्रम राखिएको छ ।

# संघीय व्यवस्थाले हरेक क्षेत्रमा महिला अग्रणी भुमिकामा छ : सभामुख मण्डल

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डलले मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र आएकोले महिला राष्ट्रपतिदेखि प्रधानन्यायाधिश सम्मको पदमा पुग्न सफल भएको बताएका छन् ।

शनिबार जनकपुरधाममा आयोजित एक कार्यक्रममा उनले संघीय व्यवस्थाले मुलुकमा युगान्तकारी परिवर्तन भएकै कारण हरेक क्षेत्रमा महिला अग्रणी भुमिकामा रहेको बताए ।

'समाजिक रुपान्तरणका लागि महिला नेतृत्व, न्याय, समानता र पर्यावरणीय अधिकारको सुनिश्चितता : समाजिक रुपान्तरण सहित दिगो विकासमा निश्चितता' मूल नाराका साथ मधेश प्रदेशस्तरीय महिलावादी महिला मञ्च २०८० ले आयोजना गरेको कार्यक्रममा सभामुख मण्डलले भने, 'न्यायलयको न्यायाधिश महिला हो । किनकी महिला बिना संसार अधुरो छ । समाजलाई समृद्ध बनाउन महिला बिना सम्भव नभएकोले आजको परिवेशमा महिला न्यायधिश नै हो ।'

हरेक स्थानीय तहमा ३३ प्रतिशतको आरक्षण, न्यायिक समितिको नेतृत्व महिलाले गर्नु, प्रदेश र प्रतिनिधिसभामा महिलाको आरक्षण हुनुले महिला उत्पिडन अन्त्य हुनु उदाहरणीय रहेको उनको भनाइ थियो ।



महिला नेतृत्व र समानताका लागि शिक्षामा समानता र नेतृत्वमा न्याय जरुरी रहेको बताउँदै विना आन्दोलन राजनैतिक, समाजिक, आर्थिक र सांस्कृतिक रुपान्तरण सम्भव नरहेको उनले बताए ।

उनले भने, 'महिला महिलाको नेतृत्व मात्रै गर्ने होइन, बरु सम्पुर्ण राज्य व्यवस्थाको नेतृत्व गर्न सक्नुपर्छ । त्यसपछि मात्र समग्रको नेता बन्न सक्छ । अन्यथा महिला महिलाको नेतृत्वमा मात्रै सिमिति हुनुपर्ने हुन्छ ।'

मधेश प्रदेश स्तरीय महिलावादी महिला मञ्च २०८० की अध्यक्ष श्यामा महतोको अध्यक्षतामा भएको कार्यक्रममा सभामुख मण्डलले समाजलाई समृद्ध बनाउन महिलाको अनिवार्यता र पुरुषको सक्रियता आवश्यक रहेको बताए ।

उनले भने, 'संघीय लोकतान्त्रिक गणतान्त्रात्मक व्यवस्थामा संघीय समानता र न्यायको वकालत धेरैलाई मन नपरेकोले व्यवस्थाको विरोध भइरहे पनि हामीले यसलाई चिर्नुपर्ने आजको आवश्यकता हो ।'

यस कार्यक्रममा प्रदेश सांसद, महिला मानवअधिकारकर्मी, प्रदेशका विभिन्न पालिकाका महिला मेयर तथा उपमेयर, वडाध्यक्ष, वडासदस्यसहित विद्यार्थीहरुकोसमेत सहभागिता रहेको थियो ।

# भौतिकवादी समाज धनुषा संयोजकमा ईन्द्रदेव यादव

**टुडे समाचारदाता**

जनकपुरधाम । भौतिकवादी समाज नेपाल धनुषाको भेलाबाट ईन्द्रदेव यादवको संयोजकत्वमा ११ सदस्यीय समिति गठन गरिएको छ ।

शनिबार भएको भौतिकवादी समाज धनुषाको प्रथम जिल्ला भेलाबाट संयोजकमा ईन्द्रदेव यादवलाई चयन गरिएको छ भने सदस्यहरुमा जयराम यादव, सुशील मण्डल, वैद्यनाथ पासवान, चन्देश्वर नेपाली, राजकुमार ठाकुर, जय प्रकाश साह र ४ जना सदस्य पछि थप्ने गरी ११ सदस्यीय समिति गठन गरिएको जनाइएको छ ।




भौतिकवादी समाजका केन्द्रीय संयोजक वैद्यनाथ श्रमजीवी, केन्द्रीय सदस्य रोशन जनकपुरी र मोहरम नदाफलगायतले नवगठित जिल्ला समितिलाई शुभकामना दिएका थिए ।

यस जिल्ला भेलाको उद्घोषण शंकर रायले गरेको थियो ।

# नेपाल हृदयरोग निवारण प्रतिष्ठान धनुषा गठन

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल हृदयरोग निवारण प्रतिष्ठान धनुषा शाखा अध्यक्षमा उमेशचन्द्र यादवको अध्यक्षतामा ११ सदस्यीय समिति गठन गरिएको छ ।

शनिबार भएको ११ औं साधारण सभाबाट धनुषा शाखा गठन गरिएको हो ।

त्यस्तै उपाध्यक्षमा दिपेन्द्र कुमार यादव, कोषाध्यक्षमा जीवन आले, सह-कोषाध्यक्ष रामकिशोर, सचिवमा पूजा साह, सह-सचिवमा उपेन्द्रराय थारु रहेका छन् ।

त्यस्तै सदस्यहरुमा दिनेशचन्द्र यादव, रामेश्वर यादव, डा. रामाशंकर प्रसाद यादव, सोनी कुमारी रहेका छन्

भने विशेष सल्लाहकारमा ई.सियारम राय यादव र जमुना भुजेल रहेका छन् ।

# हतकडीसहित फरार आरोपित २४ घन्टा भित्र पकाउ

**टुडे समाचारदाता**

बरियारपट्टी।हतकडीसहित फरार आरोपित २४ घन्टा नबित्दै सिरहा प्रहरीले पक्राउ गर्न सफल भएको ।

बाल यौन दुर्व्यवहार आरोपमा पक्राउ गरी म्याद थपका लागि ल्याइएको एक आरोपित जिल्ला सरकारी वकिलको कार्यालय अगाडिबाट हतकडीसहित फरार भएका थियो।

आरोपित छोटु सदा शुक्रबार हतकडीसहित फरार भएको सिरहा प्रहरी प्रवक्ता (डिएसपी) रविन्द्रराज



पाण्डेले पुष्टि गरेका छन्।

बाल यौन दुर्व्यवहार आरोपमा सदालाई बिहीबार लहान प्रहरीले पक्राउ गरी हिरासतमा राखेको थियो। शुक्रबार दिउँसो करिब ३ बजे म्याद थपका लागि जिल्ला सरकारी वकिलको कार्यालय सिरहा पुऱ्याइएको थियो।

प्रहरीको भ्यानबाट तल ओराल्ने क्रममा सदा हतकडीसहित भागेको थियो ।जिल्ला प्रहरी कार्यालय सिरहा बाट खटिएको प्र स ह बैजु महतो,प्र स ह देवकुमार यादव र प्रहरी जवान दिपेश राउतको टोलिले चौबीस घन्टा भित्र समात्न सफल भएको प्रहरीले जनाएको छ।

# सात महिनादेखि बेपत्ता किशोरी मृत फेला

**टुडे समाचारदाता**

राजविराज । सात महिनादेखि बेपत्ता भएकी सप्तरीकी एक किशोरी मृत अवस्थामा फेला परेकी छन् । २०८० जेठ २० गतेदेखि बेपत्ता भएकी सप्तरीको विष्णुपुर गाउँपालिका ४ बेल्हा टोलका रमेश कुमार यादवको १५ वर्षीया छोरी दीपाको शव भारतको नयाँदिल्लीमा फेला परेको छ ।

उनको मृत शरीर बिहीबार भारतको राजधानी नयाँ दिल्लीस्थित लाजपत नगरमा एउटा कोठा भित्र फेला परेको छ । उक्त कोठा सप्तरीकै डाक्नेश्वरी नगरपालिका ६ बथनाहा टोलका २१ वर्षीय रोशन कुमार मण्डलले भाडामा लिएको खुलेको छ ।

दीपाको शव फेला परेको बारे दिल्ली पुलिसले जिल्ला प्रहरी कार्यालय सप्तरीलाई जानकारी गराएपछि आफूहरुले थाहा पाएको मृतकका मामा चन्द्रशेखरले जानकारी दिए ।

घटना बारे खबर पाए पश्चात् दिल्ली पुगेका आफन्तले प्रहरी प्रक्रिया पूरा भए पश्चात् शनिबार शव बुझेर उतै अन्तिम संस्कार समेत गरेका छन् । पोष्टमार्टम रिपोर्ट केही दिनपछि आउने र त्यसपछि थप कानुनी प्रक्रिया अघि बढ्ने भारतीय सुरक्षा अधिकारीहरुले बताएको दिल्ली पुगेका मृतक किशोरीका बुबा रमेशले जानकारी दिएका छन् ।

उक्त कोठा भाडामा लिने रोशनलाई दिल्ली पुलिसले पक्राउ गरिसकेको तथा हिरासतमा राखी आवश्यक अनुसन्धान गरिरहेको समेत उनले जानकारी दिए ।

प्रारम्भिक बयानमा रोशनले दीपाले आत्महत्या गरेको भनी बयान दिए पनि किशोरीका आफन्तले अपहरण पश्चात दीपाको हत्या नै गरिएको दाबी गरेका छन् । हत्या लुकाउन रोशनले आत्महत्या गरेको देखाउने प्रयास गरेपनि शव बरामद भएको स्थानमा आत्महत्याको कुनै संकेत फेला नपरेको दिल्ली पुलिसलाई उद्धृत गर्दै बुबा रमेशले बताए ।

उनका अनुसार गत जेठ २० गते राति ११ बजेतिर अत्याधिक गर्मी भइ परिवारका सदस्यहरु घर बाहिर निस्की डगरमा हिंडडुल गरिरहेका बेला दुई वटा भारतीय नम्बरको मोटरसाइकल चढेर रोशनसहित आएका चार जना युवाले हतियार देखाउँदै दीपालाई जबर्जस्ती मोटरसाइकलमा राखी लगेका थिए ।

यस बारे प्रहरीलाई तत्कालै जानकारी गराउँदा पनि सक्रियता नदेखाएको र चोर बाटोको प्रयोग गरी छोरीलाई अपहरण गरी सीमा कटाएर भारततर्फ भाग्न सफल भएको बुबा रमेशको गुनासो छ ।

घटनाको भोलि पल्टै जेठ २१ गते आफूले रोशनसहित चार जनाबिरुद्ध अपहरण, शरीर बन्धक, जबर्जस्तीकरणी र मानव बेचबिखन सम्बन्धी कसुरमा जिल्ला प्रहरी कार्यालयमा जाहेरी दरखास्त दिने प्रयास गरे पनि प्रहरीले दर्ता गर्न अस्वीकार गरेको उनको कथन छ । त्यसपछि हुलाकबाट पनि जाहेरी दरखास्त पठाएको उनले बताए ।

तर पनि प्रहरीले खासै चासो नदेखाउदा न्यायका लागि जिल्ला प्रहरी कार्यालय र जिल्ला सरकारी वकिलको कार्यालयलाई बिपक्षी बनाउँदै उच्च अदालत जनकपुर-राजविराज इजलासमा पुगेपछि २०८० असोज १२ गते विपक्षीको नाउँमा परमादेश समेत जारी भएको उनले जनाए ।

न्यायाधीश मुनेन्द्र प्रसाद अवस्थी र विमल सुबेदीको संयुक्त इजलासले विपक्षीको नाममा जारी आदेशमा पीडितको जाहेरी दरखास्त सनाखत गरी जे जो बुझ्नु पर्छ बुझि आवश्यक निकास दिनु भनी उल्लेख गरिएको थियो । तर, अदालतको सो आदेश जारी भइसक्दा पनि प्रहरीले समयमै आवश्यक पहल नगर्दा यस्तो दुःखद घटना हुन गएको मृतकका आफन्तजनको गुनासो छ ।

जन्म दर्ता समेतको आधारमा १५ वर्ष पुगेको दीपा राजविराजस्थित रोज पब्लिक स्कुलमा कक्षा १० मा अध्ययनरत थिइन् । यसै वर्ष एसइइ परीक्षा दिएकी उनको अपहरणपछि एक महिनाअघि गाउँमा पंचायती समेत बसेको गाउँलेहरुले



बताएका छन् । पंचायतीमा रोशनका अभिभावकले रमेशको छोरी भारतमा सुरक्षित रहेको र ८ दिनभित्र सकुशल जिम्मा लगाइदिने लिखित प्रतिबद्धता जनाएका थिए ।

तर रोशनका अभिभावकले सो प्रतिबद्धता पूरा नगरेको र अचानक दीपाको मृत्यु भएको खबर सुन्नु परेको स्थानीयवासी सन्तोष कुमार यादवले बताए । दीपाको मृत्यु भइसकेपछि उक्त घटनामा संलग्न चार जना बिरुद्ध पीडित परिवारले कर्तव्य ज्यान मुद्दामा किटानी जाहेरी दिने तयारी गरेको मामा चन्द्रशेखरले सुनाए ।

घटनाको बारेमा सत्यतथ्य बुझि चाँडो भन्दा चाँडो दोषीलाई कारबाही गर्न पीडित परिवारले माग गरेका छन् । पीडित पक्षलाई कानुनी सहायता उपलब्ध गराइरहेका अधिवक्ता बिनोद कुमार पाण्डेले समयमै प्रहरी चनाखो नबन्दा यस्तो पीडादायी घटना हुन पुगेको बताए ।

"जुन माध्यमबाट भए पनि जाहेरी दरखास्त आइसकेको स्वीकार गरिसकेको अवस्थामा परमादेशको आदेश नै पर्खेर नबसि प्रहरीले तत्काल सक्रियता देखाएको भए यादव परिवारले यस्तो पीडाको सामना गर्नुपर्ने थिएन्, अधिवक्ता पाण्डेले भने, 'यस्ता प्रकृतिका घटनामा प्रहरी गम्भीर र सक्रिय बन्नुपर्छ, जसबाट भविष्यमा यस्ता घटना पुनः दोहरिन पाउँदैन् ।"

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज नेउपानेले किशोरीलाई जरबजस्ती भारततर्फ लगेको घटनाको समयमा आफूहरु जिल्ला प्रहरी कार्यालय सप्तरीमा नरहेको बताउँदै सरुवा भएर सप्तरी आएपछि घटनाका बारेमा खोजी तथा अनुसन्धानमा सक्रिय भइलागेको दाबी गरेका छन् ।


**कमला नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**माचि झिटकहिया, धनुषा**
**मधेश प्रदेश, नेपाल**

**चालु आ.व. २०८०/०८१ को नगर सभा सम्बन्धी सूचना**

**श्री सभा सदस्य ज्यूहरु सबै,**
**कमला नगरपालिका, धनुषा ।**

प्रस्तुत विषयका सम्बन्धमा स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद-४ को दफा १९ को उपदफा (२) बमोजिम चालु आ.व. २०८०/८१ को नगर सभा तपसिल बमोजिमको मिति, समय र स्थानमा तोकिएको व्यहोरा सम्बन्धित सबैमा उपस्थितिको लागि सादर अनुरोध छ ।

तपसिल

**मिति : २०८०/०९/१५ गते, आईतबार**
**समय : आईतबार दिनको ११:00 बजे**
**स्थान : कमला न.पा.को सभाहल**

**नगर प्रमुख**



**मटिहानी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**धिरापुर, महोत्तरी**
**मधेश प्रदेश, नेपाल**

**करारमा सेवा लिने सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०८०/०९/०८ गते)**


यस मटिहानी नगर कार्यपालिकाको लागि नगरप्रहरी जवान पदको रुपमा देहायको संख्या र योग्यता भएको नगरप्रहरी जवान कर्मचारी करारमा राख्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय खुलेको दिनको २ बजे सम्म राजश्व तिरेको रसिद सहित दरखास्त दिनु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फारम, दरखास्त दस्तुर, कार्य-विवरण, पारिश्रमिक, सेवाका शर्तहरु विस्तृत विवरण कार्यालयबाट वा वेवसाईट www.matihanimun.gov.np बाट उपलब्ध हुनेछ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०४।०८०।०८१ | नगर प्रहरी जवान | श्रेणी विहिन | १० (दश) |

**शैक्षिक योग्यता र अनुभव** :-

- नेपाली नागरिक भएको ।
- मान्यता प्राप्त शैक्षिक संस्थानबाट SEE तह वा सो सरह उत्तिर्ण गरेको ।
- उमेर १८ वर्ष पुरा भई २८ वर्ष ननाघेको ।
- कुनै पनि नैतिक पतन देखिन फौजदारी अभियोगमा सजाय नपाएको ।
- मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिताको प्रमाणपत्र ।
- सम्बन्धित इलाका वा वडा प्रहरीबाट जारी भएको चारीत्रिक प्रमाणपत्र ।
- पुरुषको हकमा घटीमा उचाई ५ फिट २ इन्च छाती २१-३२ तौल ५० के.जी. र महिलाको हकमा घटीमा उचाई ५ फिट तौल ४२ के.जी. भएको ।
- आँखा माईनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।
- अन्य प्रचलित कानून द्वारा अयोग्य नभएको ।

**नोट** :- माछापुच्छ्रे बैंक लि. मटिहानी शाखामा यस मटिहानी न.पा. नगर कार्यपालिकाको कार्यालयको आन्तरिक राजश्व खाता नं. ग-१-१/०६०००६०८६९३००१२१, शिर्षक नम्बर १४२२४ मा रु. ५००।- दस्तुर जम्मा गरी सोको सक्कल भौचर निवेदन साथ संलग्न राखी पेश गर्ने, सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्ने साथै स्वयं उपस्थिति भई आवेदन दिनुपर्नेछ ।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# सफल कार्यक्रम

नेपाली कांग्रेस मधेश प्रदेशको प्रथम सम्मेलन सफलतापूर्वक सम्पन्न भएको छ । मधेश प्रदेशको राजधानी जनकपुरधाममा आयोजना भएको प्रथम सम्मेलनले राजनीतिक लगायतका कयौं महत्वपूर्ण प्रस्ताव र संगठन सम्बन्धी कार्यक्रमहरु पास गरेको छ । नेपाली कांग्रेसले संघीयतालाई आत्मसात गरे पनि धेरै ढिलागरी पार्टीको प्रदेश संरचना बनाएको हो । गत वर्ष प्रदेश कमिटी चयन गरेपछि हरेक प्रदेशमा कांग्रेसको प्रदेश स्तरीय सम्मेलन हुन लागेको छ । केही प्रदेशमा सम्पन्न भइसकेको छ । भने केही प्रदेशमा सम्मेलन सम्पन्न हुने क्रममा छ । नेपाली कांग्रेसले संघीयतामा प्रदेशको अभ्यास गर्नु अत्यन्त सकारात्मक हो । प्रदेश संरचना अनुसार पार्टीको सांगठनिक संरचनालाई बनाएर विधान अनुसारको लोकतान्त्रिक अभ्यास कांग्रेसमा देखिएको छ । कांग्रेसको प्रदेश कमिटीहरुले जिल्ला र केन्द्रबीच समन्वयकारी भूमिका निर्वाह गरिरहेको गर्न सकेको छैन । स्थानीय, प्रदेश र संघीय निर्वाचनमा प्रदेश कमिटीको भूमिका महत्वपूर्ण हुने गरेको छ । कांग्रेसले पार्टीको आन्तरिक गतिविधिहरु लोकतान्त्रिक विधि अनुसार नै गर्ने प्रयास गरिरहेको छ । कांग्रेसको सम्मेलनमा केही असन्तुष्टिहरु पनि नदेखिएको होइन । त्यो कांग्रेसको पारम्परिक चलन नै हो । नेपाली कांग्रेस देशमा ठूलो दल हो । तर कांग्रेसलाई कमजोर बनाउने काम हरेक चुनावमा कांग्रेसले नै गर्छ । लोकतान्त्रिक मान्यतालाई आत्मसात गर्ने सबै भन्दा ठूला दल कांग्रेसमा विवादले देशको हरेक क्षेत्रलाई प्रभावित गरिरहेको छ । देशमा राजनीतिक अस्थिरताको प्रमुख कारण पनि कांग्रेसलाई नै मानिन्छ । नेपाली कांग्रेसले देशमा बहुदलीय व्यवस्था ल्याउन ठूलो जनआन्दोलनको नेतृत्व गरे । आन्दोलन सफल भएपछिको पहिलो बहुमत सरकारको नेतृत्व गरेको कांग्रेसले मध्यावधि चुनावको घोषणा गरे । त्यसपछि नै देशमा उत्पन्न भएको राजनीतिक अस्थिरता अहिले पनि जारी नै छ । देशैभरिको सबै पालिकामा संगठन भएको कांग्रेसमा नेतृत्वमा चरम गुटबन्दी रहेको छ । हुन त जीवन्त लोकतान्त्रिक पार्टीमा नेतृत्वप्रति असन्तुष्टि अथवा नेतृत्व फेर्ने अधिकार हुन्छ । कांग्रेसको प्रदेश सम्मेलनमा देखिएको असन्तुष्टि पनि त्यसैको परिणाम हो । तर समग्रमा कांग्रेसको सम्मेलन भव्य रुपमा सम्पन्न भएको छ । सम्मेलनमा अनपेक्षित रुपमा भीड जुटेको थियो ।७ वटै प्रदेश मध्ये कांग्रेसले खुल्ला रुपमा मधेश प्रदेशमा नै सभा गरेको छ । कांग्रेसको गुटबन्दीलाई सम्मेलनको तयारी, व्यवस्थापन लगायतमा असरदार हुन दिएन । कांग्रेस संसदीय दल मधेश प्रदेशका नेता , भौतिक पूर्वाधार विकास मन्त्री समेत रहेको प्रदेश सभापति कृष्णा कुमार यादवको हरेक पक्ष प्रभावशाली रहेको सन्देश सम्मेलनले दिएको छ ।

# प्रचण्डकी नातिनीको विहेले उब्जाएको प्रश्न



**प्रभाषचन्द्र झा**
**वरिष्ठ पत्रकार**

प्रधानमन्त्री प्रचण्डकी नातिनीको विहेको एक साता वितिसक्दा पनि चर्चा सेलाएको छैन् । गाउघरदेखि शहर शहरमा विवाहको भव्य समारोहको सन्दर्भमा सर्वहारा नेताहरु पनि राजशी शैलीमा विवाहको आयोजना गरेको देख्दा चकित छन् ।

भरतपुर महानगरपालिकाकी मेयर रेनु दाहालकी छोरी प्रतिभा पाठकको गोरखाका विज्ञानबावु रेग्मीसँग विवाह सम्पन्न भयो । राजनीतिक परिवार, त्यसमा पनि कट्टर बामपन्थी सिद्धान्तको नेतृत्व गर्ने परिवारकी छोरीको विवाहमा उच्चस्तरको अतिथि सत्कार, भव्य सजावट र अतिविशिष्ठ व्यक्तिको उपस्थिति थियो ।

विवाह नितान्त व्यक्तिगत एवम् पारवारिक विषय हो । प्रत्येक आमाबुवाको चाहना हुन्छ कि छोरीको विवाह धुमधामका साथ गरौं । त्यो दृष्टिले हेर्दा रेनु दाहालले आफ्नो क्षमताअनुरुप छोरीको विवाहमा गरेको व्यवस्थापनलाई अन्यथा लिनु हुँदैन् । तर, रेणु दाहाल राजनीतिक प्राणी हुन् । स्वयं मेयर पदमा आसिन हुनुका साथै प्रचण्डपुत्री हुन् । क्रान्तिकारी माओवादी केन्द्रको अध्यक्ष प्रचण्ड यतिखेर, प्रधानमन्त्री हुन् । नेताको जीवन सार्वजनिक हुन्छ । नेताको प्रत्येक कदममा कदम मिलाएर जनता हिड्न खोज्छन् । नेताको बोलाई, हिडाई र गराइको प्रत्यक्ष प्रभाव जनतामा पर्छ । त्यसकारण, नेतालाई संयमित हुनुपर्छ । आफ्नो चाहनालाई त्याग गर्नुपर्छ र देश र जनताप्रति समर्पित हुनुपर्छ । त्यो नभएको कारण आज मुलुकमा विकृति र विसङ्गति बढेको छ ।

क्रान्तिकारी कम्युनिष्ट पार्टीले जनवादी विवाहलाई प्रश्रय दिनु पर्छ भनेर उपदेश दिने अनि आफ्नै घरमा उच्च घरानाको शैलीमा विवाह गराउँछ भने कार्यकर्तालाई किन निर्देश गरिएको भनेर प्रश्न उठ्नु स्वभाविक हो । विवाह कुन विधिअनुसार गर्ने भनेर बेहुला पक्षको विचारलाई प्रायः प्रमुखता दिने गरिन्छ । त्यो आधारमा हिन्दु धर्म र आफ्ना संस्कृतिको आधारमा विवाह हुँदा जायज मान्न सकिन्छ । तर, विवाहमा भव्य आयोजना भएको देख्दा पक्ष र विपक्षमा टिकाटिप्पनीले ठाउँ ग्रहण गरेको छ ।

नेपालको कानुनले सांस्कृतिक तथा सामाजिक समारोहमा भडकिलो शैली प्रदर्शन गर्न बर्जित गरेको छ । सामाजिक व्यवहार(सुधार) ऐनको दफा ४देखि ८सम्म भड्किलो विवाह गर्न वा प्रदर्शन गर्न रोक लगाएको छ । कानुनविपरीत त्यस्ता गतिविधि भएमा १०देखि २० हजारसम्म जरीवाना वा १५ दिन कैद वा दुवै सजाय हुनसक्ने उल्लेख गरेको छ । सो ऐनको दफा ८मा दुलहा तथा दुलही पक्षबाट आयोजित भोजमा नजिकको नातेदारबाहेक अरू छरछिमेकी इष्टमित्र मध्येबाट ५१ जना भन्दा बढी व्यक्तिलाई आमन्त्रण गर्नु हुँदैन् । देशका नेतृत्वकर्ताले नै कानुनको पालना गरेन भने उक्त कानुनको औचित्यमाथि प्रश्न त उठ्छ नै । प्रचण्डकी नातिनीको विवाह समारोहको शोभा बढाउन विशिष्ट अतिथिमा राष्ट्रपति रामचन्द्र पौंडेल, उपराष्ट्रपति रामसहाय यादव, प्रधानमन्त्री प्रचण्ड, मन्त्रीहरु, उच्चतहका कर्मचारीहरु संवैधानिक प्रमुख, पूर्वप्रधानमन्त्रीहरु तथा विभिन्न दलका शीर्ष नेता र पार्टीका कार्यकर्ताका साथै आफन्तहरुको उपस्थिति थियो ।

सो विवाहको सन्दर्भमा सामाजिक सञ्जाल फेसबुक, युट्युब, ट्वीटरलगायतका प्रयोगकर्ताहरुले व्यापक रुपमा प्रचण्डमाथि खनिएको देखिन्छ । प्रचण्ड नेतृत्व गरेको पार्टीको सिद्धान्तले विवाहमा भोजभतेरबापत न्यून खर्च गर्ने नीति अङ्गीकार गरेको छ । प्रचण्डको राजनीतिक निर्णयविपरीत सो विवाहमा खर्च भएको र कम्युनिष्ट सिद्धान्तको पालन नभएको आरोप लगाइरहेका छन् ।

उद्योगपति, धनाढ्य परिवार र नेतामा धेरै फरक छ । नेताले समाज र देशलाई मार्गदर्शन गर्छ । कतिपयले उनले देखाएको मार्गलाई अनुसरण गर्छन् ।



भारतकी वित्तमन्त्री निर्मला सीतारशणकी छोरी परकला वागमयीको ६ महिनाअघि विवाह सादगी ढङ्गले सम्पन्न भयो । उक्त विवाहमा परिवारका सदस्य र खास इष्टमित्रमात्र सहभागी थिए । कुनैपनि विशिष्ठ व्यक्तिलाई न्योता दिइएको थिएन् । भारतको वित्तमन्त्रीले साधारण रुपमा विवाह सम्पन्न गराएपछि त्यतिखेर, उनको चौंतर्फी प्रशंसा भएको थियो । चार बर्षअघि भारतको एक उद्योगपतिले आफ्नी छोरीको विवाहमा एक अनुकरणीय उदाहरण प्रस्तुत गऱ्यो । उनले देशभरबाट स्यावासीपनि पाएका थिए । महाराष्ट्रको औरंगावादको उद्योगपति मनोज मुनोतले आफ्नी छोरी श्रेयाको विवाहमा कुनै आडम्बर नगरी सामान्य ढङ्गले छोरीको विवाह सम्पन्न गऱ्यो । उनले विवाहको लागि ८० लाख रकम छुट्टयाएको थियो । त्यो रकम विवाहको भोजभतेर र सजावटमा खर्च नगरी ८० लाखको लागतमा ९० परिवारको लागि घर बनाए । उनले आफ्नो दुई एकड जमिनमा घर बनाएर छोरीको विवाहको खुशीयालीमा उपहारस्वरुप गरिव परिवारलाई प्रदान गऱ्यो । एक दिनमा विवाह सम्पन्न गर्दा ८० लाख झ्वाम पार्नुको सट्टा कुनै उल्लेखनीय कार्य गऱ्यो । झोपडीमा बस्नेहरु पक्की भवन बसेपछि उनीहरु मख्ख परेका थिए । विवाहमा जन्ति र आमन्त्रित व्यक्तिहरुको शानदार ढङ्गले स्वागत गऱ्यो भनेर बढीमा एक महिनासम्म चर्चा हुनेछ । उनले एक नौंलो उदाहरण पेश गऱ्यो ।

जाजरकोटमा भुकम्पले गर्दा धेरै परिवारको घर क्षतिग्रस्त भयो । सोमध्ये कतिपय अहिलेपनि पालमैं बसेका छन् । चौंध जनाको चिसोको कारणले मृत्यु पनि भइसकेको छ । के भारतीय उद्योगपतिजस्तै कमसेकम १० परिवारको पनि पक्की घर बनाउने घोषणा गरि दिएको भए आज प्रचण्डहरुको जयजयकार हुने थियो ।

यस्तो होइन कि भारतमा नेताहरुले आफ्नो छोरीको विवाह राजशी ठाटबाँटमा गर्दैनन् भन्नु अतिश्योक्ति होला । २०१६को ६ नोवेम्बरमा कर्णाटकको पूर्वमन्त्री एवम् खनन कारोवारी जनार्दन रेड्डीले छोरीको विवाहमा भारतीय मुद्रा ५०० करोड खर्च गरेको थियो । उक्त विहेमा बेहुली ब्राह्मीले १७ करोड मूल्यको काँजिपुरम साडी पहिरण गरेकी थिइन् । शुद्ध सोनाको धागोले बनेको उक्त साडीमा बहुमुल्य हिरा जवाहरात जडित गरिएको थियो । बेहुलीले ९० करोडकी गहना लगाएकी थिइन् । बेहुलीलाई श्रृङ्गार गर्नका लागि मुम्बईबाट ६ लाखमा व्यूटिशिएन झिकाइएको थियो । परिवारका सदस्य र आफन्तहरुले राजपरिवार सदस्य झैं सजिएका थिए । उनीहरुको श्रृङ्गारमा ३० लाख खर्च भएको थियो । जन्ति र अतिथिहरुको आवतजावत गर्नका लागि १५ वटा हेलिकाँप्टरको व्यवस्था गरिएको थियो । बङ्गलौंरको पाँच र तीन तारा होटेलको पन्द्रह सय कोठा बुक गरेको थियो । प्रवेशद्वारबाट विवाहस्थलसम्म जन्तिलाई पुऱ्याउनका लागि ४० वटा बग्गीको व्यवस्था गरिएको थियो । अतिथिहरुलाई शाही थालीमा खाना खुवाएको थियो । उक्त विवाहको व्यापक रुपमा चर्चासँगै आलोचना पनि भएको थियो । संसद्मा पनि आवाज उठेको थियो ।

आईएएस अधिकारी किशोर कान्याल सात बर्षअघि ग्वालियर नगर निगमको कमिश्नर रहेको बेलामा छोरीको विवाह सम्पन्न गऱ्यो । सो अवसरमा गरीव, अनाथहरुलाई मात्र आमन्त्रित गरेको थियो । ति व्यक्तिहरुलाई उनले खाना आफूसहित सपरिवार परोसेर खुवाएका थिए । यसका साथै, उनीहरुलाई उपहार पनि दिएका थिए । ति विवाहको चर्चा विभिन्न सामाजिक सञ्जाल र समाचारमाध्यमहरुमा भएको थियो ।

नेपाली समाजमा देखासिकी धेरै बढी छ । अहिले, अधिकांस विवाहमा अत्यधिक तडकभडक देखिन थालिएको छ । आर्थिक रुपले सम्पन्न परिवारले आफ्ना इच्छा पूर्ति गर्ने विषयलाई त्यति अनुचित भन्न पनि मिल्दैन् । कतिपयले समाजमा आफ्नो रवाफ अर्थात, धाक देखाउनका लागि ऋण लिएर भएपनि क्षमताभन्दा बढी खर्च गर्छन् । कतिपय परिवार बर्षोसम्म ऋणमा डुबेको देखिएको छ ।

विवाह दुईबीच सामाजिक एवम् धार्मिक मान्यताबाट प्राप्त हुन्छ । दुई परिवारबीच पारवारिक सम्बन्धपनि स्थापित हुन्छ । स्त्री र पुरुषको पारवारिक जीवनमा प्रवेश गर्ने एक संस्थापनि हो । हिन्दु धर्मको आधारमा विवाह एक धार्मिक संस्कार हो । यसलाई सोहीअनुरुप बुझेर क्षमताअनुसार नै खर्च गर्नुपर्छ । विवाहमा बढ्दै गइरहेको आडम्बरले गर्दा खासगरी मध्यम वर्गीय परिवारलाई अत्यधिक आर्थिक भार पर्न थालेको छ । समाजमा आफ्नो प्रतिष्ठा उच्च हुने सोच वा सन्तानलाई हीन भावनाबाट ग्रसित हुन नदिनका लागि आमावुवालाई बाध्यतावस स्तरीय होटेलहरुमा भोजभतेर गर्नु परिरहेको देखिन्छ । पन्द्रह बर्षअघि आफू झापाको भद्रपुर बस्दा एकजना बाजेले काठमाडौंमा छोरीको विवाहमा खासै खर्च भएन् भन्ने बताए । तर, छोरीको ईच्छालाई पूर्ति गर्न चन्द्रगढीको एक कट्ठा घडेरी ६ लाखमा बेचेर काठमाडौंको महङ्गो होटेलमा पार्टी दिनु पऱ्यो । अव, आफूसँग घरबाहेक एक इन्चपनि जग्गा नरहेको दुःषेसो पोखेको थियो । आफू धनी व्यक्तिको रुपमा सूचिकृत गराउनका लागि घडेरी बेचेर वा ऋणलिएर भोजभतेर गर्ने प्रवृति बढेको छ ।

विभिन्न समुदायमा आ-आफ्ना धार्मिक रीतिरिवाज एवम् संस्कृति अनुरुप हुने गर्दछ । अचेल, पश्चिमी संस्कृति र हिन्दी सिरियलको प्रभाव व्यापक रुपमा देखिन थालिएको छ । सभ्रान्त परिवारले ठूल्ठुला होटेलमा बेचरल भोज गर्ने, विवाहको छिनोफानो पनि होटेलमा समारोह आयोजना गर्ने र महङ्गो उपहार दिने प्रचलन बढेको छ । विहेपछि प्रीतिभोज पनि होटेल र पार्टी प्यालेसमा हुन थालेको छ । देखासिकी भनौं वा प्रतिस्पर्धा जे भनिएपनि यसको चपेटामा मध्यमवर्गीय समाज पर्न थालेको छ ।

उहिले विवाह वा अन्य कुनै उत्सवमा आमन्त्रण गर्दा परिवारजनले सम्मानित ढङ्गले बडो उदारता एवम् सम्मानका साथ सत्कार गर्दथ्यो । अहिले, उभि उभि मागी मागी खानु पर्ने अवस्था छ । परिवारको सदस्यले बढीमा तपाई प्रवेश गरेपछि स्वागत गरिदियो भने आफूलाई सम्मान भएको सम्झनुस । त्यसकारण, सिमित व्यक्तिलाई बुलाएर सम्मानसहित भोजन गराउने पुरानो परम्परालाई जीवन्त गर्नुपर्छ ।

कम्युनिष्ट पार्टीभित्र सामाजिक एवम् सांस्कृतिक रूपान्तरणका विषयमा धेरै नै बहश हुने गर्दथ्यो । अध्यक्ष प्रचण्डले दुई बर्षअघि प्रज्ञा भवनमा सम्पन्न पार्टीको आठौं महाधिवेशनमा पेस गरेको राजनीतिक दस्तावेजमा पनि सांस्कृतिक रूपान्तरणको प्रश्न क्रान्तिकारी कम्युनिष्ट पार्टी निर्माणको अनिवार्य शर्त भएको उल्लेख गरेका थिए । यसका साथै, पार्टीको नेता, कार्यकर्ताको दैनिक आचरण, सम्पर्क सम्बन्ध, जीवन पद्धति, लवाइखुवाई, यौंन जीवन, आर्थिक र पारवारिक सम्बन्ध लगायत व्यवहारमा उतार्न योजनाबद्ध पहल गर्ने निर्णयसमेत गरेको थियो । आज आफै निर्णय उल्टाएको देखेपछि कतिपय कार्यकर्ताहरु अक्क न बक्कको अवस्थामा पुगेको छ । द्वन्द्वकालमा माओवादी पार्टीको नेतृत्वदेखि तल्लो तहका कार्यकर्तासम्म एकरूपता ल्याउनका लागि जनवादी विवाह गर्न अभिप्रेरित गर्दथ्यो । सांस्कृतिक, सामाजिक, आर्थिक, राजनीतिक रूपान्तरण नैतिकताको पाठ पढाउनेले तामझामका साथ विवाह गरायो भने समाजमा कस्तो किसिमको सन्देश प्रवाह हुन्छ भनेर गम्भीर मनन् गर्नु पर्छ । अर्को, संवैधानिक जिम्मेवारी बोक्नेहरुलाई झन बढी संयमता देखाउनुपर्ने हो । 'इतिश्री'

# रामाशिष सर : शब्दश्रद्धान्जली



**रामरिझन यादव**

उनी विन्दास खालका व्यक्ति थिए । जो जुनूनले भरिएको थियो । यी दुइटै शब्दलाई ( विन्दास र जुनून ) अर्थ्याउने हो भने यसको वृहत् अर्थ लाग्दछ । दुइटै हिन्दी शब्द हो । विन्दास शब्द मराठीबाट आएको हो । बिन+ध्वस्त= बिन्दास । बिन भनेको बिना र ध्वस्त भनेको डर । अर्थात् बिना डर र त्रास भएको व्यक्ति ! यसलाई अर्को ढंगले पनि अर्थ्याउन सकिन्छ । अंग्रेजीमा रिल्याक्सड वा केयरफ्री पनि भनिन्छ । अस्सीको दशकमा भारतीय अभिनेता अनिल कपूरले अभिनय गरेको फिल्म हो बिन्दास ! जसमा उनले खेलेको भूमिकालाई दाँज्ने हो भने शिक्षक, आध्यापक, सामाजिक व्यक्तित्व रामाशिष यादवको झझल्को पाइन्छ । उनी बचपनदेखि नै यस्तै स्वभावका व्यक्ति थिए । गणितको कुनै हिसाव बनाउन थालेपछि त्यसैमा लीन हुन्थे । किताव पढ्न थालेपछि पढ्दा पढ्दै सुत्थे । त्यसैले आफ्नो गाउँमा सबैभन्दा पहिले कुनै खास विधामा मास्टर डिग्री हासिल गरे र विशिष्ट व्यक्ति कहलाए । सामान्यतया स्कूलमा पढाउने शिक्षकलाई समाजले स्थापित गरेको थेगो हो- मास्टर ! जो अन्डर मैट्रिक, मैट्रिक पास, आईए, बिएसम्म पढेकाहरुले स्कूलमा पढाउन थालेपछि समान ढंगले उनलाई भन्नेगरिन्छ । तर, रामाशिष सर विषयत रुपमा पनि गणितमा मास्टर डिग्री हासिल गरेका थिए । त्यसैले उनी डब्बल मास्टर थिए । सामान्यभन्दा ठूलो मास्टर ! र, भए सबै मनका धुकधुकी जसको उपस्थिति नै कुनै बैठक, भेला वा समारोहलाई गरिमा प्रदान गर्दथ्यो । म पार्टीगत राजनीतिबाट अलग भएपछि रामाशिषबाबूसंग धेरै नजिकिएको थिएँ वा उनी पनि मेरो नजिक आएका थिए । यसको मूलकारण के थियो भने उनी विद्रोही स्वभावका थिए । ज-जसले विद्रोह गरे वा गर्न साहस गरे सबैलाई उनले सघाए । चाहे रामराजा प्रसाद सिंह होस् वा जनयुद्ध, जनआन्दोलन वा मधशे जनविद्रोह वा मातृका यादवको पार्टीगत विद्रोह वा पार्टी राजनीतिबाट अलग भएपछि स्वयं मलाई नै जसरी उनले सघाए त्यसले पनि के पुष्टि गर्दछ भने उनी विद्रोही मनको रखबाला थिए । विद्रोह उनको मनमा थियो । जेहनमा थियो । त्यसैले कहिल्यै पनि कुनै किसिमको लोभ लालचमा परेन । एक शब्दमा भन्ने हो भने रामाशिष यादव वामपंथी विद्रोही थिए । जसको ध्येय सामाजिक, राजनीतिक, आर्थिक तथा साँस्कृतिक विकासको परिधिभित्र फन्को काटिरहेको हुन्थ्यो ।

**स्वाभिमानी शिक्षक :**

उनी विन्दास थिए भन्ने कुरा म अघि लेखिसकेको छु । उनीमा ठूलो जुनून थियो भन्ने कुरा पनि म भनिसकेको छु । अर्थात कुनै डर, धाक, धम्की र त्रासबाट भयभित नहुने व्यक्ति जब कुनै उद्येश्य प्राप्तिका लागि निरन्तर संघर्षरत रहन्छन् त्यस्तो व्यक्तिलाई जुनूनले भरिएको भनेर उपमा दिइन्छ । र, प्रायः त्यस्तै प्रकारका व्यक्ति विद्रोही पनि हुने गर्छन । यस अर्थमा भन्ने हो भने रामाशिष सर विद्रोही स्वभावका व्यक्ति थिए । जो कहिल्यै पनि कुनै किसिमको लोभ र लालचमा लागेनन् । उनको शैक्षिक इतिहासलाई पल्टाउने हो भने उनी सदैव नेपाल राष्ट्रिय शिक्षक संगठनलाई साथ दिएको देखिन्छ । जो पंचायतकालदेखि नै आफ्नो पेशागत हकहितका लागिमात्र होइन, मानवीय मूल्य र मान्यतालाई मुलुकमा स्थापित गर्नु पर्छ भन्ने उद्येश्यका साथ काम गरेको पाइन्छ । पंचायती व्यवस्थाको पतनपश्चात् यो संगठनलाई कतिपय वामपंथी पार्टीहरुले आफ्नो भातृ संगठन बनाउन खोजे पनि रामशिष सर, मातवर सर, बेचू सर, धनवीर सरजस्ता जिल्लाका वरिष्ट शिक्षक र शैक्षिक व्यक्तित्वहरुको उपस्थितिले गर्दा नेपाल राष्ट्रिय शिक्षक संगठन सिरहाले आफ्नो गरिमा लाई कायम राख्न सफल भएको देखिन्छ ।

यसरी के देखिन्छ भने राजनीतिक चेत भएको व्यक्तिले मात्र विचार र सिद्धान्तलाई बचाएर राख्न सक्छन् । चाहे उनी जुनसुकै पेशासंग किन-न-आबद्ध होस् । जो संग त्यो चेत छैन ती व्यक्ति विभिन्न लोभ लालचमा परेर समाजलाई गलत दिशा प्रदान गर्ने गर्दछन् । उदाहरणका लागि विभिन्न शैक्षिक संगठनहरुको निर्माणले के देखाउछ भने त्यसमा लागेका व्यक्तिहरु विविध प्रकारको लोभ लालचमा परेर आफ्नो व्यक्तिगत स्वार्थ पूर्तिका लागि त्यसको झण्डा समाते र अद्यावधि समातिरहेका छन् । बहुदलीय व्यवस्थाको पुनर्स्थापना हुन वित्तिकै पार्टीगत राजनीतिले शिक्षण संघसंस्थामा कार्यरत शिक्षकहरुलाई राजनीतिकरण गर्न थाल्यो । सैद्धान्तिक रुपमा आफ्नो पार्टी नजिक रहेका शिक्षकहरुलाई संस्थागत रुपमा पार्टीको भातृसंगठनजस्तै संगठन निर्माण गऱ्यो । लाग्थ्यो शिक्षकहरुले नै राजनीति हाँकिरहेका छन् । जसको सख्त विरोधी थिए रामशिषसर । उनी पेशागत हकहितप्रति कति समर्पित थिए भन्ने कुरा अहिलेको पुस्ताको लागि एउटा नजिर बन्न सक्दछ । त्यसैले बहुदलीय व्यवस्थाको लामो अभ्यासपश्चात् शैक्षिक संघसंस्थाहरुलाई पार्टीगत राजनीतिबाट अलग राख्नु पर्छ भन्ने मान्यता सर्वस्वीकार्य भएको छ । रामाशिष सर सही ठाउँमा थिए भन्ने कुरा अहिले तिनै राजनीतिक दलहरुलाई स्वीकारेको तथ्यबाट पुष्टि हुन्छ । तर, दुःखको कुरा के छ भने राजनीतिक दलहरुले आफ्नो राजनीतिक स्वार्थ पूर्तिका लागि निर्माण वा गठन गरेका शैक्षिक संगठनहरु भने अहिलेसम्म खारेज गरेको छैन । अद्यबधि ती अस्तित्वमा छन् । जबसम्म यो खारेजी हुँदैन तबसम्म विशुद्ध शैक्षिक वातावरण निर्माण हुन सक्दैन भन्ने सोच रामाशिष सरको थियो । शैक्षिक आन्दोलनमा लागेका मुलुकका तमाम शिक्षकहरुले के बुझ्नु पर्छ भने रामशिष सर वा उहाँजस्तै हजारौ शिक्षक जो पंचायतकादेखि नै नेपालमा एउटा उन्नत शैक्षिक वातावरण निर्माणमा दत्तचित भएर लागेका थिए (तीमध्ये जो हामीबीच छैनन् ) उनीहरुको लागि सच्चा श्रद्धान्जली यी संगठनहरुको खारेजी नै हो । त्रिभूवन विश्वविद्यालयलाई विगत चार दशकदेखि गाँजेको राजनीतिले शिक्षालाई नै तहसनहस परेपछि अस्ति प्रधानमंत्री पुष्पकमल दहालले यसलाई राजनीतिविहीन बनाउने जुन उद्घोष गरेका छन् त्यो अहिलेको परिस्थितिमा समीचीन देखिन्छ । रामाशिष सर यिनै दिनको प्रतिक्षमा थिए । तर त्यो दिन देख्नुभन्दा पहिलै नै उनी सदाका लागि अस्ताए ।

**विद्रोही स्वभावका प्रतिमूर्ति :**

शिक्षण पेशामा रहँदा उनले देखाएको विद्रोहीपन जीवनको अन्त्यसम्म कायम रह्यो । यही नै उनको ठूलो पहिचान बन्यो । उनी धार्मिक रुपमा कवीर पंथी मतलाई मान्दथे । जो अहिलेको हिन्दू समाजमा आफै एउटा विद्रोह हो । त्यतिमात्र होइन, उनको विगतलाई केलाउन हो भने आफ्नो विद्यार्थी जीवनदेखि शैक्षिककाल र त्यसपश्चात् बाँचेका जीवनमा समातेका धार र धाराबाट उनको विचार प्रष्ट रुपमा दृष्टिगोचर हुन्छ । अझ यसलाई मसिनो ढंगले व्याख्या र विश्लेषण गर्ने हो भने उनीमा प्रचूर मात्रामा विद्रोही स्वभाव रहेको देखिन्छ । २०३६ सालमा पेशागत हकहितका लागि स्थापना गरिएका शिक्षक संगठनको संरक्षण तथा सम्बर्द्धनका लागि उनले खेलेको भूमिकाले नै के देखाउछ भने उनी विद्रोही स्वभावका थिए । तत्कालीन निरंकुश पंचायती व्यवस्थाले कुनै पनि प्रकारको संघ संगठन खोल्न प्रतिबन्ध लगाएको थियो । यस्तो विषम र प्रतिकूल अवस्थामा २०३६ सालको खुकुलो वातावरणलाई उपयोग गर्दै मुलुकका केही सचेत शिक्षकहरुले बद्रीप्रसाद खतिवडाको नेतृत्वमा नेपाल राष्ट्रिय शिक्षक संगठनको निर्माण गरेका थिए । जसमा रामाशिषसरको भूमिकालाई नजरअन्दाज गर्न सकिन्न । उनी स्वयं पनि सिरहा जिल्लामा त्यसको उपाध्यक्ष र अध्यक्ष भएर नेतृत्व सम्हालेका थिए । पंचायतकालमा सिरहा जिल्लाको अध्यक्ष भएका बेचू प्रसाद साह तथा उपाध्यक्ष भएका रामशिष यादवलाई तत्कालीन पंचायती सरकारले कति दुख र यातना दिएका थिए भन्ने कुरा प्रायः सबैजसो सचेत सिरहावासीलाई थाहा हुनु पर्छ । यदि उनी विद्रोही स्वभावको नभएको भए तात्कालीन अवस्थामा यसप्रकारको कार्यभार सम्हाल्नै थिएनन् । किनकि शिक्षक संगठनको कुनै पदमा आसिन हुन वित्तिकै प्रशासनिक रुपमा उनी आँखाका कसिंगर बन्थे ।

मेरो नजरमा उनी कति विद्रोही थिए भन्ने कुराको पुष्टि गर्नका लागि शिक्षक संगठनबाहेक अन्य कैयौ उदाहरणहरु छन् । खासगरि गणतन्त्रका प्रणेता क्रान्तिकारी व्यक्तित्व रामराजा प्रसाद सिंहलाई मात्र होइन, जतिबेला मातृका प्रसाद यादवले माओवादीबाट विद्रोह गर्दा बखत उनलाई सघाउनुजस्ता कार्यले के पुष्टि गर्दछ भने उनी विद्रोही स्वभावका थिए । म पनि जतिबेला पार्टी राजनीतिबाट अलग भएपछि मलाई पनि जिल्लामा सबैभन्दा बढी साथ दिने रामशिष सर नै हुन् । यसरी के देखिन्छ भने कुनै पनि राजनीतिक दलको झोले कार्यकर्ता बन्नुभन्दा स्वतन्त्र रुपमा बस्नु र आफ्नो सुविचारको माध्यमबाट समाजलाई अग्रगति प्रदान गर्नु उनको प्रमुख ध्येय हुन्थ्यो भन्ने कुरा म स्वयं पनि अनुभव गरेको छु ।

**विद्रोहीको विप्लवी सम्मान :**

कुनै पनि व्यक्ति आफ्नो जीवनकालमा गरेका सुकार्य अनुसार उनको मृत्युपश्चात् त्यही अनुरुप दाहसंस्कार, काजकिरिया, प्राणप्रतिष्ठा, भोजभतेर गरे त्यसलाई सही अर्थमा उनीप्रति सच्चा श्रद्धान्जली मानिन्छ । तर, हाम्रो समाज प्रायः त्यसको विपरित दिशातर्फ उन्मुख भएको पाइन्छ । जीवनकालमा आवश्यकता अनुरुप सेवा प्रदान नगर्ने तर, मृत्युपश्चात् त्यही बुबाआमाको संस्मरणमा गरिएको काजकिरिया र भोजभतेरमा लाखौलाख खर्च गर्ने परम्पराले समाजलाई विकृत बनाएको छ । झन थेग्नै नसकिने बनाएको छ । ऋण बोकाउने बनाएको छ । यस अर्थमा रामाशिष सरका संतान सवर्था भिन्न देखिए । उनीहरुले जसरी आफ्नो बुबालाई सेवा प्रदान गरेका छन् त्यो अपवाद हो । सम्भवतः सिरहा जिल्लामा नमूना हो । यसको बारेमा जति वखान गरे कम हुन्छ । दुइटै चिकित्सक संतान साधुवादका पात्र हुन् । तर, समाज डा.कृष्णा र डा.रामजस्तो छैन । खासगरि पढेलेखेका सचेत व्यक्तिहरुको जुन भूमिका हुनु पर्ने हो त्यो सर्वथा गौन भएको देखिन्छ । यसले गर्दा समाजमा राजनीतिक परिबर्तन भए पनि सामाजिक रुपान्तरण दिनप्रतिदिन कठीन हुँदै गैरहेका छन् । रामशिष सर वैचारिक रुपमा वामपंथी थिए । एउटा वामपंथी विचार वोकेको व्यक्ति धार्मिक रुपमा कट्टर मानिदैन । त्यसैले उनी आफ्नो विचार अनुकूल कवीर पंथ मतलाई आत्मसात गरेका थिए जो आफैमा एउटा प्रगतिशील धार हो । उनको दाहसंस्कार पनि दुइटै विचारको आधारमा भयो । यस भेकका सबैभन्दा विद्वान कविर पंथका अनुयायी सत्यनारायण आलोकले मंत्रउच्चारण गर्दै दाहसंस्कार गराएका थिए । तर, त्यसपश्चात् उनीहरुको सहभागिता न्यून देखियो जसलेगर्दा कमाकाण्डी अधिपत्य जमाउन सफल भए । यद्यपि आफ्नो जीवनकालमा नै रामाशिष सरले ब्राह्मणवादलाई विरोध गर्दै पुरोहितको सन्दर्भमा केही सुधारात्मक भूमिका चालेका थिए । जसलाई उनका संतान तथा परिवारजनले बाखुबी अनुसरण गरेको देखिन्छ । तर, जतिसुकै अग्रगामी सोच अंगाले पनि समष्टिगत रुपमा स्वामी विवेकानन्दको विचारविरुद्ध नै कर्मकाण्डी सोच हावी भएको देखियो । जसमा सुधार हुनु आवश्यक देखिन्छ । र, यही सुधारात्मक सोच नै रामाशिष सरप्रति सच्चा श्रद्धान्जली हुनेछ ।

# संघीय शिक्षा ऐन सरकारको उच्च प्राथमिकतामा छ : प्रधानमन्त्री दाहाल



काठमाण्डु । प्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले सङ्घीय संसद्मा विचाराधीन विद्यालय शिक्षा विधेयक सरकारको उच्च प्राथमिकतामा रहेको बताउनुभएको छ।

एकीकृत अखिल नेपाल शिक्षक सङ्गठनले आज सीतापाइलामा आयोजना गरेको बहुउद्देश्यीय भवन शिलान्याश तथा केन्द्रीय समितिको विस्तारित बैठकलाई सम्बोधन गर्दै उहाँले विद्यालय शिक्षा विधेयकलाई सरकारले प्राथमिकतामा राखेको बताउनुभयो।

प्रधानमन्त्री दाहालले भन्नुभयो, "तपाईंहरू धेरैलाई सङ्घीय शिक्षा ऐन के हुन्छ भन्ने जिज्ञासा छ। नयाँ अधिवेशन बोलाएपछि पहिलो काम नै सत्य निरूपण तथा मेलमिलापसम्बन्धी ऐन र सङ्घीय शिक्षा विधेयक संसद्बाट पारित गराउन पहल हुन्छ। यो ऐन सरकारको उच्च प्राथमिकतामा छ।"

सो विधेयकमा शिक्षकका जायज माग सम्बोधन गरिने र विद्यालय शिक्षालाई थप सबल बनाउने प्रधानमन्त्रीको भनाइ छ। "तपाईं शिक्षकले आफ्ना माग र मुद्दा सम्बोधन गर्न सडकबाट दबाब दिनुभयो। यसले सरकारलाई सहयोग पुगेको छ", प्रधानमन्त्रीले भन्नुभयो, "तपाईंहरूले अहिलेको मस्यौदामा जुन सुझाव दिनुभएको छ, त्यसमध्ये जायज र सम्भव माग सम्बोधन गरिनेछ।"

सो अवसरमा नेकपा (माओवादी केन्द्र) का उपाध्यक्ष अग्निप्रसाद सापकोटा, महासचिव देवप्रसाद गुरुङ, नेताहरु नारायण दाहाललगायतले सामाजिक अभियन्ताका रुपमा रहेका शिक्षकले गुणस्तरीय शिक्षा प्रदान गर्दै समाज सुधारको अगुवाई गर्नुपर्नेमा जोड दिनुभएको थियो।

एकीकृत अखिल नेपाल शिक्षक सङ्गठनले देशभरबाट सहयोग जुटाएर बहुउद्देश्यीय भवन निर्माण गर्न लागेको अध्यक्ष शङ्कर अधिकारीले जानकारी दिनुभयो।

**'अङ्गदानका निम्ति सबैले प्रोत्साहित गरौं'**

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले मानव अङ्गदान र प्रत्यारोपणबारे सकारात्मक दृष्टिकोण बनाई आ-आफ्नो ठाउँबाट योगदान गर्न अपिल गर्नुभएको छ।

सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र र अङ्ग प्रत्यारोपण समाज नेपालद्वारा आयोजित प्रथम राष्ट्रिय प्रत्यारोपण सम्मेलनलाई सम्बोधन गर्नुहुँदै प्रधानमन्त्रीले अङ्गदानका लागि प्रेरित गर्नुपर्ने बताउनुभयो। प्रधानमन्त्रीले भन्नुभयो, "सबै दाजुभाइ दिदीबहिनीमा म आह्वान गर्दछु- अङ्गदान गर्दा धेरै मानिसले पुनर्जीवन पाउँछन्। मानव हुनुको नाताले कलेजो, मिर्गौला, मुटु, फोक्सोलगायत अङ्ग फेल भएर मृत्युको मुखमा पुगेका बिरामीलाई बचाउन प्रयास गर्नु सबै मानवको साझा जिम्मेवारी हो। तसर्थ, अङ्ग प्रत्यारोपणको यस राष्ट्रिय अभियानबारे सकारात्मक दृष्टिकोण बनाई आ-आफ्नो ठाउँबाट योगदान गर्न सम्पूर्ण नेपालीमा हार्दिक अपिल गर्दछु।"

सम्मेलन गुणस्तरीय स्वास्थ्य सेवाका दृष्टिले महत्वपूर्ण एवं रचनात्मक हुने विश्वास व्यक्त गर्दै प्रधानमन्त्रीले नेपालको अङ्ग प्रत्यारोपण उपचारका क्षेत्रमा रहेका जटिलता सम्बोधन गर्न आफू प्रतिबद्ध रहेको बताउनुभयो।

मानव अङ्ग प्रत्यारोपणका विज्ञ एकैठाउँ भेला भएर प्रत्यारोपणसम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय अनुभव आदानप्रदान एवं प्रत्यारोपण क्षेत्रका चुनौती सम्बोधन गर्न सम्मेलन सहयोगी हुने प्रधानमन्त्रीले बताउनुभयो। सामूहिक छलफलका आधारमा सम्मेलनले दिने सुझाव र निकाल्ने निष्कर्ष स्वास्थ्य सेवामा गुणात्मक रूपान्तरणका निम्ति महत्वपूर्ण हुने उल्लेख गर्दै उहाँले सम्मेलनका सुझाव र निष्कर्षअनुसार यस क्षेत्रमा गर्नुपर्ने सुधारका निम्ति सरकार प्रतिबद्ध रहेको बताउनुभयो।

आफू दोस्रोपटक प्रधानमन्त्री भएका बेला राष्ट्रिय अङ्ग प्रत्यारोपण केन्द्रलाई विस्तार गर्न जग्गा उपलब्ध गराउने निर्णय गरेको स्मरण गर्दै प्रधानमन्त्रीले गत वर्ष पनि यसबारे पुनः प्रतिबद्धता व्यक्त गरिसकेको दोहोर्‍याउनुभयो। "मेरो यही कार्यकालमा यससम्बन्धी बाँकी काम टुङ्गोमा पुर्‍याउन सरकार प्रतिबद्ध छ", उहाँले भन्नुभयो।

मस्तिष्क मृत्युपछि अङ्गदान गर्नेसम्बन्धी विषयमा राष्ट्रिय प्रत्यारोपण केन्द्रले गरेको प्रयास सराहनीय रहेको प्रधानमन्त्रीको भनाइ थियो। "मस्तिष्क मृत्युपछि अङ्गदान गर्न आमसर्वसाधारण हिचकिचाइरहेको देखिन्छ। शरीरका विभिन्न अङ्ग फेल भई मृत्युको मुखमा पुगेका बिरामीलाई बचाउने महान् अभियानलाई प्रवर्द्धन गर्न सरकारको तर्फबाट सम्पूर्ण किसिमले साथ र सहयोग रहने प्रतिबद्धता प्रधानमन्त्रीले व्यक्त गर्नुभयो। रासस

## राष्ट्र उज्यालो बनाउने अभियानमा प्रधानमन्त्री

काठमाण्डु । प्रधानमन्त्री एवं नेकपा(माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले आफ्नो दोस्रो प्रधानमन्त्रीत्वकालमा काठमाण्डु उपत्यकामा विद्युत्भार कटौती अन्त्य भएको भन्दै तेस्रो कार्यकालमा समग्र राष्ट्रलाई नै उज्यालो बनाउने अभियानमा आफू जुटेको बताउनुभएको छ।

माओवादी केन्द्रको बुढानीलकण्ठ नगर सम्मेलनको आज यहाँ उद्घाटन गर्दै प्रधानमन्त्रीले नेकपा माओवादी सरकारको नेतृत्वमा रहँदा सधै जनपक्षीय काम गर्ने गरेको र त्यसैको निरन्तरतास्वरुप अहिले मुलुकलाई पूर्णरुपमा उज्यालो बनाउने अभियानमा आफू लागेको बताउनुभयो।

उहाँले भन्नुभयो, "देशमा समृद्धिका जति काम भएका छन्, तीमध्ये मुख्य काम हाम्रै पालामा भएका छन्। मैले तीनपटक सरकारको नेतृत्व गर्दा केही रणनीतिक महत्वका काम गरेको छु तर हामीले गरेका कामको जस लिन सकिरहेका छैनौं।"

प्रधानमन्त्रीले आफ्ना तीनवटै कार्यकालमा महत्वपूर्ण काम भए पनि त्यसको स्वामित्व लिन नसकिएको बताउनुभयो। माओवादीले गरेको आन्दोलनबाट प्राप्त उपलब्धिको रक्षा गर्दै जनतासँगको सम्बन्धलाई विस्तारमा पार्टी लागेको बताउनुभयो।

उहाँले भन्नुभयो, "पहिलो कार्यकालमा गरिब किसानको रु एक लाखसम्मको ब्याज र तीस हजारसम्मको साँवा नै मिनाहा गरियो। विकासका विशाल आयोजना सञ्चालन भए। प्रत्येक गाविसमा सहकारी निर्माण गरियो।"

पार्टीको तीनमहिने अभियानबाट जनआधार सुदृढ हुँदै गएको भन्दै आगामी फागुनमा विधान अधिवेशन गरेर पार्टीलाई नयाँ ढङ्गले अघि बढाइने पार्टी अध्यक्ष दाहालले बताउनुभयो।

माओवादी केन्द्रका उपमहासचिव जनार्दन शर्माले पार्टीबाट सञ्चालित तीनमहिने अभियानले जनतामा नयाँ ऊर्जा सञ्चार गरेको बताउनुभयो। जनस्तरबाट उठेका मागलाई सरकारले सम्बोधन गर्नुपर्नेमा जोड दिँदै उहाँले सुकुम्बासी समस्या समाधानका निम्ति अनुभूत हुनेगरी काम गर्न सुझाव दिनुभयो।

केन्द्रका अर्का नेता विशाल खड्काले बुढानीलकण्ठ नगरको नामकरण गरिएको बुढानीलकण्ठ मन्दिरको 'ब्राण्डिङ' गरेर पर्यटक भित्र्याउनुपर्ने बताउनुभयो। उहाँले नगरको सुकुम्बासी समस्या समाधानमा जोड दिनुभयो।

त्यस अवसरमा स्थानीयबासीका तर्फबाट धोबीखोला नियन्त्रणलगायत नगरक्षेत्रका समस्या समेटिएको ज्ञापनपत्र प्रधानमन्त्रीसमक्ष प्रस्तुत गरिएको थियो। रासस

## गणतन्त्रको विकल्पमा राजतन्त्रको वकालत गर्नु गलत : उपमहासचिव पुन

काठमाण्डु । नेकपा (माओवादी केन्द्र)का उपमहासचिव वर्षमान पुनले गणतन्त्र कार्यान्वयनका क्रममा आएका झिना-मसिना समस्या देखाएर राजतन्त्रको वकालत गर्नु कुनै पनि अर्थमा जायज नहुने बताउनुभएको छ।

नेताको विकल्प अझ राम्रो नेता र पार्टीहरूको विकल्प अझ राम्रो पार्टी हुन सक्छ तर गणतन्त्रको विकल्पमा राजतन्त्र हुन सक्दैन उहाँले भन्नुभयो।

माओवादी केन्द्रको चन्द्रागिरि नगरपालिका-२ मा आज आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले भन्नुभयो, "राजतन्त्रको अन्त्य र संविधान जारी गरेसँगै जनवादी क्रान्ति पूरा भयो तर जनताको अवस्थामा सुधार आएको छैन। जनताको जीवनस्तर सुधार गरेर जानुपर्छ। हामी त्यसमा लागिपरेका छौं।"

न्याय, सुशासन, समृद्धिका क्षेत्रमा राम्रो काम गरेको छ", उहाँले भन्नुभयो, "मध्यपहाडी राजमार्ग माओवादीले बनाएको हो। तर त्यसलाई पनि एमालेले दाबी गरिरहेको छ। नौवटा लोकमार्ग बनाउने कुरा हाम्रो घोषणापत्रमा उल्लेख भएको छ। बाटो चौडा पार्ने, लोडसेडिङ हटाउने काम माओवादीले गरेको हो।"

पूर्वमन्त्री पुनले आफ्नो पार्टी भ्रष्टाचार, कालोबजारीविरुद्ध निर्ममरूपमा प्रस्तुत भएको समेत उल्लेख गर्नुभयो। "यही पुस १० गते अध्यक्ष प्रचण्ड प्रधानमन्त्री भएको एक वर्ष पुग्दैछ। आफ्नो सचिवालय, मन्त्री, सल्लाहकार फेर्छु तर पछि हट्दिनँ, देश र जनताको पक्षमा काम गर्छु भन्नुभएको छ। परिणाम निकाल्छु भन्नुभएको छ। पार्टीले उहाँलाई साथ दिएको छ", सम्मेलनका सहभागीलाई प्रशिक्षण दिँदै नेता पुनले भन्नुभयो।




गणतन्त्र प्राप्तिपछि देशमा सङ्घीयता, धर्मनिरपेक्षता, समावेशिता, सामाजिक न्यायजस्ता विषय स्थापित गरेको तर आर्थिक समृद्धिको काम अझै बाँकी रहेको उहाँको कथन छ।

आफ्नो पार्टीका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारले गरेको कामको प्रशंसा गर्दै उहाँले अन्य सरकार र अन्य नेताले गर्न नसकेको सामाजिक सुरक्षा, सुशासन, राष्ट्रियता र समृद्धिका पक्षमा राम्रा काम भएको बताउनुभयो।

"अध्यक्ष प्रचण्ड नेतृत्वको वर्तमान सरकारले सामाजिक

चन्द्रागिरि-२ माओवादी जनप्रतिनिधिले स्थानीय चुनावमा जितेको वडा हो। माओवादीको रुपान्तरण अभियानको उद्घाटनका क्रममा अध्यक्ष प्रचण्ड सोही वडामा पुगेर कार्यक्रमको उद्घाटन गर्नुभएको थियो।

विगतको कमजोरी सुधार गर्दै माओवादीहरू एक हुने बाटोमा अघि बढिरहेको नेता पुनले बताउनुभयो। विगतका गल्ती महसुस गरेर माओवादी धारहरूको एकताका लागि प्रयास भइरहेको उहाँको भनाइ छ। सम्मेलनले सुरेन्द्र तामाङको अध्यक्षतामा माओवादीको २९ सदस्यीय समिति गठन गरेको छ। रासस

## समुन्नत एवं आत्मनिर्भर अर्थतन्त्र निर्माणमा राष्ट्रपतिको जोड

विराटनगर। राष्ट्रपति रामचन्द्र पौडेलले स्वाधीन, समुन्नत एवं आत्मनिर्भर अर्थतन्त्र निर्माणमा जोड दिनुभएको छ।

नेपाल उद्योग परिसङ्घ कोशीप्रदेशले विराटनगरमा शनिवार आयोजना गरेको उद्योगीहरूको भेला तथा प्रजातन्त्र सेनानी सम्मान समारोहको उद्घाटन गर्दै समाजवाद उन्मुख अर्थव्यवस्थाको आधार निर्माण गर्न उद्योगीव्यवसायीको महत्वपूर्ण भूमिका हुने बताउनुभयो।

कोभिड-१९ महामारीबाट शिथिल भएको अर्थतन्त्रलाई उन्नत बनाउन सरकारले गरेका प्रयासले केही सकारात्मक प्रभाव पारेको बताउँदै राष्ट्रपति पौडेलले भन्नुभयो, "अपेक्षाअनुसार देशको अर्थतन्त्र सबल भएको छैन, रोजगारी सृजनालगायत आन्तरिक उत्पादन बढ्न सकेको छैनभने राजस्वका लक्ष्यप्राप्त गर्न कठिनाइ भएको छ। उद्योगधन्धा पूर्ण क्षमतामा सञ्चालन हुन सकेका छैनन्। उद्योग कलकारखाना सञ्चालनमा हाम्रो ध्यान केन्द्रित हुनुपर्छ।"

अर्थतन्त्र सुधारका लागि सरकारले तर्जुमा गरेको रणनीति, निजी क्षेत्रको सहयोग, विदेशी मुद्रा सञ्चिति, विप्रेषण वृद्धि दरका साथै शोधानन्तर बचत सकारात्मक भए पनि सन्तुष्ट हुने स्थान नरहेको बताउँदै उहाँले अर्थतन्त्रको सुधारका निम्ति सरकार निरन्तर लागेको आफूले पाएको उल्लेख गर्नुभयो।

नेपालमा कृषि क्षेत्रको रुपान्तरण र उद्योग व्यवसायको विस्तार गरी उत्पादन वृद्धि, रोजगारी सृजना गर्न, निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापन गर्न, अर्थतन्त्रलाई आत्मनिर्भर बनाउन तथा गरिबी निवारण गरी आर्थिक विकासको बाटोमा सरकारको एक्लो प्रयास पर्याप्त नहुने भएकाले निजी क्षेत्रसँगको साझेदारी अपरिहार्य हुने राष्ट्रपतिले सुझाउनुभयो।



"कूल लगानीमा दुई तिहाइभन्दा बढी लगानी भएको निजी क्षेत्रलाई विश्वासमा लिएर नीतिगत आधार निर्माण गर्न मौजुदा नीति र कानुनहरुको समीक्षा गरी नयाँ नीति र ऐन निर्माण गर्ने, निजीक्षेत्र मैत्री ऐन, कानुन परिमार्जन गर्ने काम वर्तमान सरकारबाट हुन जरुरी छ", राष्ट्रपति पौडेलले भन्नुभयो।

नेपालको पहिलो औद्योगिक नगर कोशी प्रदेशको राजधानी विराटनगर स्वतन्त्रताका लागि जीवन उत्सर्ग गर्ने कृष्णप्रसाद कोइराला, बिपी कोइराला, गिरिजाप्रसाद कोइराला, मनमोहन अधिकारी, सिके प्रसाई, शैलजा आचार्य, केशव कोइराला, तारणीप्रसाद कोइराला, नोना कोइराला, नारदमुनी थुलुङ, क्याप्टेन यज्ञबहादुर थापा, बलबहादुर राई, भरतमोहन अधिकारी, भूविक्रम नेम्वाङ, प्रेमराज आङदम्बे, चिरञ्जीवी रिजाल, रामप्रसाद राई, धनवर्ण राई, लिला-ठगी-गोकर्ण, राम-लक्ष्मण र नेपालमा औद्योगिक अभियानको सुरुवात गर्ने रामलाल गोल्छा, चन्दनमल दुगडलगायत सबैको योगदानको मुक्तकण्ठले प्रशंसा गर्नुभयो।

राष्ट्रपतिले संविधान प्रदत्त भूमिका निष्ठपूर्वक पालना गर्ने र सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा कुनै आँच आउन नदिने प्रतिबद्धता व्यक्त गर्नुभयो।

कोशी प्रदेशका प्रमुख परशुराम खापुङले देश विकासमा निजी क्षेत्रको अहम् भूमिका हुने भएकाले राज्यले उनीहरूको सहयोगको अपेक्षा गरेको बताउनुभयो। साथै उहाँले उद्योगी र व्यवसायीको समस्या समाधानजमा राज्यले ध्यान दिनुपर्नेमा जोड दिनुभयो।

कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले सरकारको सहयोगी अङ्गको रुपमा रहेका उद्योगी-व्यापारीले रोजगारी सृजनामा सघाएकामा आभार व्यक्त गर्नुभयो।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य विजयकुमार गच्छदारले लोकतन्त्र र गणतन्त्रका लागि लामो सङ्घर्ष गर्नु भएका वर्तमान राष्ट्रपतिले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई बचाई राख्न अभिभावकको भूमिका निर्वाह गरिहन आग्रह गर्नुभयो।

नेपाल उद्योग परिसङ्घ कोशी प्रदेशका अध्यक्ष भीम घिमिरेको अध्यक्षतामा भएको सो कार्यक्रममा कोशी प्रदेशका पूर्वमुख्यमन्त्री हिक्मतकुमार कार्की, नेपाल उद्योग परिसङ्घका संस्थापक अध्यक्ष विनोद चौधरी, सङ्घका केन्द्रीय उपाध्यक्ष वीरेन्द्र पाण्डेले देशको आर्थिक विकासका निम्ति कृषि क्षेत्रलाई केन्द्रमा राखेर काम गर्नुपर्नेमा जोड दिनुभएको थियो।

समारोहमा प्रजातन्त्र सेनानी, प्रतिष्ठित उद्योगपतिलगायत २९ जनालाई सम्मान गरिएको थियो। राष्ट्रपतिले पत्रकार शङ्कर खरेल र अनन्त न्यौपानेलाई पुरस्कार प्रदान गर्नुभएको थियो। रासस

## स्वास्थ्य क्षेत्रको विकासमा सरकारको विशेष जोड




कर्णाली । उपप्रधानमन्त्री तथा रक्षामन्त्री पूर्णबहादुर खड्काले नेपाल सरकारले स्वास्थ्य क्षेत्रको विकासमा विशेष जोड दिएको छ।

ब्याक टु लाइफ नामक संस्थाको सहयोग, सहिद गङ्गालाल राष्ट्रिय हृदय रोग केन्द्र र मानवअधिकार तथा वातावरण विकास केन्द्रको सहकार्यमा गुर्भाकोट नगरपालिका-७ सुर्खेतस्थित मेहलकुना अस्पतालमा शनिवार आयोजित 'एकदिने हृदय रोग' निःशुल्क शिविरको उद्घाटन गर्दै उपप्रधानमन्त्री खड्काले स्वस्थ समाज निर्माणमा सरकार केन्द्रित रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "मानव जीवनका लागि स्वास्थ्य महत्वपूर्ण विषय हो। स्वस्थ नागरिक उत्पादनले समृद्ध समाज बन्छ। तल्लो तहमा स्वास्थ्य सेवा पुग्नेगरी संरचनाको निर्माण तथा विकासमा सरकारले ध्यान दिएको छ।"

उपप्रधान तथा रक्षामन्त्रीले ब्याक टु लाइफ संस्था र सहिद गङ्गालाल राष्ट्रिय हृदय रोग केन्द्र कर्णालीका विकट जिल्लामा पुगेर मुटुरोगजस्तो संवेदनशील उपचार सेवा निःशुल्क प्रवाह गरेकामा कृतज्ञता व्यक्त गर्नुभयो। उहाँले ०७३ देखि निर्माण सुरु गरिएको ५० शय्याको मेहलकुना अस्पताल अहिलेसम्म निर्माण पूरा नभएकामा सम्बन्धित निकायलाई अविलम्ब काम सक्न निर्देशन दिनुभयो।

ब्याक टु लाइफका निमित्त देशीय निर्देशक डिकेन्द्रलाल ढकालले कर्णालीका नागरिकले सहजै प्राप्त गर्न नसक्ने मुटुरोगको उपचार सेवामा सहयोग पुर्‍याउने उद्देश्यले निःशुल्क स्वास्थ्य शिविर आयोजना गरिएको बताउनुभयो।

सहिद गङ्गालाल राष्ट्रिय हृदय रोग केन्द्रका डा चन्द्रमणि अधिकारीले मुटुरोगीहरुको निःशुल्क उपचार गरिने जटिल रोग देखिए केन्द्रले शल्यक्रियामा सहयोग गर्ने बताउनुभयो।

मेहलकुना अस्पतालका प्रमुख डा सोजन सापकोटाले काठमाण्डु पुगेर उपचार गर्नसक्ने अवस्था नभएका मुटुरोगीहरुलाई केन्द्रले ठूलो सहयोग पुर्‍याएको बताउनुभयो। रासस


मधेश प्रदेश सरकार

भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

पशु सेवा तालिम केन्द्र, जनकपुरधाम

जनकपुरधाम, धनुषा

**बोलपत्र आव्हान सम्बन्धी सूचना**

सूचना नं. : ०२-०८०/८१

प्रकाशित मितिः २०८०/०९/०८

यस कार्यालय अन्तर्गतको तपसिलमा उल्लेखित निर्माण कार्यको लागि बोलपत्र आव्हान गर्नुपर्ने भएकोले प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिन (मिति २०८०/१०/१० गते) को १२:०० बजे भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp बाट Online Bidding गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| S. N. | Contract No. | Description of work | Estimated Cost (w/o VAT and Contingencies) | Bid Security | Cost of the Bidding Document |
|---|---|---|---|---|---|
| 1 | LSTC/Dhanusha/ Works/NCB/02-2080/81 | Construction of Office Block 1st Floor At Pashu Sewa Talim Kendra | NRs. 1,36,74,809.83 | NRs. 3,87,000.00 | NRs. 3000.00 |

**नोट**- यस अघि मिति २०८०।०९।०६ गते प्रकशित सूचनामा त्रुटि भएकोले यो सूचना पूनःप्रकाशन भएको छ।

# शिविरमा नै असुरक्षित भएपछि जोखिमपूर्ण समुद्री यात्रा गर्न बाध्य छन् रोहिङ्ग्या शरणार्थी

**एएफपी**

कुटुपालोङ । म्यानमारमा भएको निर्मम हिंसाबाट भागेर आएका रोहिङ्ग्या शरणार्थीले छिमेकी देश बङ्गलादेशमा सुरक्षा पाउने आशा गरेका थिए, तर धेरैले भोकमरी, अपहरण र सामूहिक हिंसाबाट बच्न समुद्री जोखिमपूर्ण यात्रा गर्दै इन्डोनेशिया र मलेशियासम्मको यात्रा तय गर्ने गरेका छन् ।

दुई सन्तानकी आमाले दक्षिणपूर्वी बङ्गलादेशको एक अव्यवस्थित शिविरमा आफ्नो परिवारको पेट पाल्न सङ्घर्ष गर्नुपरेको कुरा गरिरहँदा नुर कायेसको आँखामा आँसु बग्छ ।

सन् २०१७ मा आफ्नो घरबाट भागेपछि शिविरमा बस्दै आएकी २७ वर्षीया उहाँले भन्नुभयो, "जब छिमेकीहरूले मेरा बच्चाहरूको अगाडि केही खान्छन्, उनीहरू रून थाल्छन् ।"

"म आफ्ना छोराछोरीको आँसु थाम्न सक्दिनँ । हामीहरूसँग खानेकुरा छैन । म दिनरात रुँदै बिताउँछु," उहाँले एएफपीसँग भन्नुभयो ।

बङ्गलादेशमा राज्यविहीन र मुख्यतया मुस्लिम अल्पसङ्ख्यक रोहिङ्ग्या समुदायका करिब १० लाख सदस्य छन्, जसमध्ये धेरै छ वर्षअघि म्यान्मारमा भएको सैन्य कारबाहीबाट भागेका थिए ।

तर अहिले सयौँले इन्डोनेशिया र मलेशियाको जोखिमपूर्ण यात्रा गरिरहेका छन् किनकि दर्जनौँ बङ्गलादेशी शिविरहरू प्रतिद्वन्द्वी सशस्त्र समूहहरूको लागि युद्धभूमि बनेका छन् जसले बस्तीहरूलाई लागूपदार्थ र मानिसहरूको तस्करीको लागि सुरक्षित स्थलको रूपमा प्रयोग गर्छन् ।

प्रहरीका अनुसार शिविरको सुरक्षा व्यवस्था बिग्रिएको छ र यस वर्ष ६० भन्दा बढी शरणार्थी युद्ध र लागूपदार्थसँग सम्बन्धित झडपमा मारिएका छन् ।

यहाँका शिबिरहरूमा फिरौतीका लागि अपहरणका घटनापनि ह्वात्तै बढेका छन् ।

सत्ताइ वर्षीय रोहिंग्या युवा कार्यकर्ता सैफुल अराकानीले भन्नुभयो, "रोहिङ्ग्या शिविरमा बस्दा आत्तिएका छन् । उनीहरू डाँकुहरूको हातमा आफ्नो ज्यान गुमाउन चाहँदैनन् ।"

कायेसले आफ्नो छिमेकीको अपहरण भएको र आफू आफ्नो सुरक्षाको लागि डराएको बताउनुभयो ।



"अपहरणकारीहरूले उहाँलाई सुतिरहेको बेला लगेका थिए", कायेसले भन्नुभयो, "बन्दुकधारीहरूले छिमेकीको परिवारलाई उनीहरूको जीवनबचत हस्तान्तरण गर्न र उहाँको रिहाईका लागि एक हजार ३५० अमेरिकी डलरभन्दा बढी फिरौती तिर्न रकम सापट लिन बाध्य पारेका थिए ।"

"उहाँको परिवारले पाँच दिनमा पैसा जम्मा गरेर फिर्ता ल्यायो," कायेसले भन्नुभयो, "मेरो परिवारका सदस्य अपहरणमा परेमा मसँग फिरौती तिर्ने कुनै उपाय थिएन ।"

कायेसका पति फारुक रोहिङ्ग्यालाई शिविरबाहिर रोजगारीमा प्रतिबन्ध लगाउने बङ्गलादेशको आदेशको अवज्ञा गर्दै अवैध रूपमा डुङ्गा चालकको रूपमा काम गरेको आरोपमा जेलमा हुनुहुन्छ ।

कायेसले आफूले जमानत प्राप्त गर्न मद्दत लिन वकिललाई भुक्तानी गर्न पनि सक्नुहुन्न । "मसँग मेरो परिवारको लागि दुई छाक खाने व्यवस्था गर्ने सम्पत्ति त केही छैन भने सेवाका लागि मैले कहाँबाट चार/पाँच हजार टाका (३५-४५ अमेरिकी डलर) निकाल्न सक्छु ?"

कायेसले पहिलेदेखि नै एक धनी शरणार्थी परिवारका लागि काम गर्नुहुन्छ, तर त्रिपाल र बाँसले बनेको आफ्नो आश्रयको लागि लिएको ऋण तिर्न संयुक्त राष्ट्रसङ्घको खाद्यान्न राशनको दुई तिहाई भाग लिनुपर्छ । शिविरभित्र सहायताको काम गर्ने केही बाहेक लगभग सबै शरणार्थीहरू आधिकारिक रूपमा बेरोजगार छन् ।

बङ्गलादेशको शरणार्थी आयोगका दुई जना अधिकारीले एएफपीलाई बताएअनुसार हजारौं रोहिङ्ग्या शरणार्थी शिविर छोडेर मछुवा, नुन किसान र निर्माण मजदुरको रूपमा काम खोज्न बाध्य भएका छन् ।

"स्थानीय रोजगार बजारमा उनीहरूको प्रवेशले स्थानीय श्रमिकहरूको माग घटाएको छ", नाम नबताउने शर्तमा एक अधिकारीले भने, "स्थानीय समुदाय आक्रोशित छन् । तर के तपाईं यसलाई रोक्न सक्नुहुन्छ?"

अराकानीले युवाहरूले 'राम्रो र हिंसामुक्त जीवन' चाहेको र इन्डोनेसिया र मलेसिया पुग्ने सपना देखेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "रोहिङ्ग्या युवाहरू शिविर छोडिरहेका छन् किनभने उनीहरू निराश छन् ।"

"तिनीहरूले जीवन जिउन कै लागि गरिने लामा र जोखिमयुक्त समुद्री मार्गमा आफ्नो मृत्य भएमा कुनै फरक नपर्ने तर भोक र गरिबीसँगै सधैँ जुधिरहन कठिन भएको बताउँछन्," अराकानीले बताउनुभयो ।

नोभेम्बरदेखि इन्डोनेसियाको सबैभन्दा पश्चिमी प्रान्त आचेहको यात्रामा वृद्धि भएको छ जुन लगभग एक हजार ८०० किलोमिटर (१,१२० माइल) को यात्रा हो । संयुक्त राष्ट्र सङ्घीय शरणार्थी निकायले म्यान्मारमा सन् २०१७ को दमनपछिको सबैभन्दा ठूलो लहरमा हालैका केही महिनामा एक हजार ५०० भन्दा बढी आगमन भएको रिपोर्ट गरेको छ ।

शरणार्थी नेता मोहम्मद रहिमका अनुसार सयौं अविवाहित महिला र किशोरीहरू सम्पन्न पति पाउने आशामा ठूलो सङ्ख्यामा रोहिङ्ग्या समुदायको बसोबास रहेको मलेसिया जाने लाइनमा बसेका छन् ।

गत वर्ष आफ्नो एक मात्र छोरालाई मलेसिया पठाएका ५५ वर्षीय मोहम्मद इस्लामले भन्नुभयो, "जब उनीहरू जान्छन्, उनीहरूलाई आफ्नो जीवनको परवाह हुँदैन, उनीहरूलाई आफ्नो पेट पाल्ने चिन्ता हुन्छ ।"

"तिनीहरूमध्ये कोही डुङ्गामा मर्छन् र कोही-कोही समातिए भने जेल जान्छन् ।" मानव तस्करहरूले इन्डोनेसिया वा मलेसिया जाने जोखिमपूर्ण डुङ्गामा यात्रा गरेबापत ९०० देखि एक हजार ८०० अमेरिकी डलरसम्म लिने गरेका छन् ।

कायेसका लागि बङ्गलादेश छोडेर 'राम्रो देश' जानु सपना मात्र हो । "मसँग पर्याप्त पैसा भएको भए म पनि जान्थें," उहाँले भन्नुभयो ।

# उत्तरी भारतमा चीसोसँगै वायु प्रदुषण बढ्यो

**एएनआई**

नयाँदिल्ली । भारतको उत्तरी भुभागमा बाक्लो कुहिरो तथा वायु प्रदुषणको प्रभाव बढ्न थालेपछि शनिबार राजधानी नयाँदिल्लीको आकाश र जमिनको दृश्य कमजोर बनेको छ । यहाँको तापक्रममा एक्कासी कमी देखिएको छ ।



भारतीय मौसम विभागका अनुसार न्यूनतम तापक्रम १४ डिग्री सेल्सियस र पालममा १२.२ डिग्री सेल्सियस मापन गरिएको छ ।

नयाँदिल्लीमा चिसो बढ्दा, न्यानोको लागि आगो बाल्ने र ताप्ने गरेका दृष्यहरू देखिएका छन् ।

चीसोका कारण बिभिन्न ठाउँमा स्थानीयहरू कम्बललगायतका लुगा ओढेर हिँडिरहेको देखिएको छ ।

साइकल चालक तथा पैदल यात्रामा निस्किएका स्थानीयले शनिबार तापक्रममा उल्लेख्य गिरावट आइ चिसो अत्याधिक बढेको बताएका छन् ।

स्थानीयले शनिबार एएनआईसँगको प्रतिक्रियामा भनेका छन्, "चिसो अत्याधिक भएकाले पैदल यात्रा गर्न गाह्रो भइरहेको छ । कुहिरो तथा प्रदूषणले नियमित पैदल यात्रामा समस्या बढेको छ । प्रदुषणका कारण हुने स्वास्थ्य समस्याहरूबाट बच्न मास्क लगाएर बाहिर निस्किरहेका छौ ।"

दिल्लीको समग्र वायु गुणस्तर सूचकाङ्क गुणस्तरीय मौसम पूर्वानुमान तथा अनुसन्धान प्रणाली अनुसार शनिबार बिहान ८.०७ बजे वायुको गुणस्तर 'निकै खराब' रेकर्ड गरिएको थियो ।

भारतको मौसम विज्ञान विभागका अनुसार बिहीबार राजधानीको न्यूनतम तापक्रम ७.८ डिग्री सेल्सियसमा रेकर्ड गरिएको थियो ।

राष्ट्रिय मौसम पूर्वानुमान एजेन्सीले यसअघि उत्तरी भारतको न्यूनतम तापक्रम आगामी तीन दिनमा २-३ डिग्री सेल्सियसले बढ्न सक्ने बताएको थियो ।

बिहारका एक रिक्सा चालक महेश कुमारले बिहीबार एएनआईसँग कुरा गर्दै चिसो मौसमले आफ्नो दैनिक काममा असर गरिरहेको बताउनुभयो ।

"चिसोका कारण आज यात्रुहरू कम छन् । चिसोले हाम्रो सवारीसाधन भित्रै बस्न बाध्य तुल्याउँछ," कुमारले भन्नुभयो ।

**चिसो बढेसंगै हरियाणामा १५दिनका लागि विद्यालय बिदा**

यसैबीच हरियाणा सरकारले शनिबार आगामी जनवरी १ देखि १५ सम्म सबै सरकारी तथा निजी विद्यालयहरूमा जाडो बिदा गर्ने घोषणा गरेको छ ।

हरियाणा मुख्यमन्त्री कार्यालयको आधिकारिक ट्वीटर अनुसार शीतलहर आउने सम्भावनालाई मध्यनजर गर्दै यो निर्णय आएको हो ।

प्रसासनका अनुसार "बढ्दो चिसोलाई ध्यानमा राख्दै, हरियाणा सरकारले सन् २०२४ जनवरी १-१५ सम्म राज्यका सबै सरकारी र निजी विद्यालयहरूमा जाडो बिदाको घोषणा गरेको छ । यस अवधिमा सबै विद्यालयहरू बन्द रहनेछन् ।"

सरकारले सबै जिल्ला शिक्षा अधिकारीहरू, जिल्ला प्राथमिक शिक्षा अधिकारीहरू तथा प्रधानाध्यापकहरूलाई हरियाणा सरकारले दिएको दिशानिर्देशन पालना गर्न आग्रह गरेको छ ।

पञ्जाब, हरियाणा-चण्डीगढ-दिल्लीका अधिकांश भागहरूमा न्यूनतम तापक्रम ४-८ डिग्री सेल्सियसको दायरामा रेकर्ड गरिएको भारतीय मौसम विभागले जनाएको छ ।

भारतीय मौसम विज्ञान विभागले आगामी २४ घण्टामा न्यूनतम तापक्रममा करिब २ डिग्री सेल्सियसले वृद्धि हुने जनाएको छ ।

# गाजामा ७५ दिनमा १३६ सहकर्मी मारिएको संयुक्त राष्ट्रसङ्घका महासचिव गुटेर्रेसको भनाइ

**एएफपी**

न्यूयोर्क । संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेर्रेसले इजरायल र हमासबीच जारी युद्धमा विगत ७५ दिनमा संयुक्त राष्ट्रसङ्घका १३६ जना कामदारको ज्यान गइसकेको र कैयौं कर्मचारीलाई घरछोड्न बाध्य पारिएको बताउनुभएको छ ।




राष्ट्र सङ्घको इतिहासमा यति धेरै सङ्ख्यामा आफ्ना कर्मचारीको हताहत भएको अहिलेसम्मको दुर्लभ घटना हो ।

"गाजामा हाम्रा १३६ सहकर्मी ७५ दिनमा मारिएका छन्, जुन हामीले राष्ट्रसङ्घको इतिहासमा कहिल्यै देखेका छैनौं । हाम्रा अधिकांश कर्मचारीलाई घरबाट निकालिएको छ," संयुक्त राष्ट्रसङ्घका प्रमुखले एक्स (ट्विटर) पोस्टमा लेख्नुभएको छ ।

उहाँले भन्नुभयो, "म गाजामा सर्वसाधारणलाई सहयोग गर्ने हजारौं सहायताकर्मीप्रति आधार प्रकट गर्दछु ।"

अक्टोबर ७ मा इस्लामिक कट्टरपन्थी समूह (हमास) ले गरेको आक्रमणपछि गाजामा द्वन्द्व चर्किएको थियो ।

करिब दुई हजार ५०० को सङ्ख्यामा हवाई, जल र स्थल मार्गबाट आक्रमणकारी लडाकू प्रवेश गरी इजरायली क्षेत्रमा आक्रमण गरेका थिए जसका कारण करिब एक हजार १४० जनाको हत्या गरेको थियो भने करिब २५० जनालाई बन्धक बनाएको इजरायली तथ्याङ्कमा उल्लेख गरिएको छ ।

त्यसपछि इजरायलले निरन्तर हवाई र जमीनी अभियानको साथ आक्रमणको बदलामा जवाफ दिइरहेको छ । गाजा पट्टीस्थित हमास सरकारको सञ्चार कार्यालयले बुधबार दिएको जानकारीअनुसार कम्तीमा २० हजार व्यक्तिको मृत्यु भएको छ, जसमध्ये आठ हजार बालबालिका र छ हजार २०० महिला रहेका छन् ।

इजरायलले गाजा आक्रमणलाई हमासको सम्पूर्ण आतङ्ककारी समूहलाई समाप्त गर्नका लागि पूर्वाधारलाई लक्षित गरेको र नागरिक हताहती लाई कम गर्ने प्रयासको रूपमा चित्रण गरेको छ । इजरायलको प्रतिरषा बलले गाजा शहरको शेजैया छिमेकमा पूर्ण 'अपरेशनल कन्ट्रोल' स्थापित गरेको बताएको छ ।

# दुर्लभ दुई गर्भाशय भएकी अमेरिकी महिलाले जन्माइन् जुम्ल्याहा छोरी

**एएफपी**

वासिङ्टन । अमेरिकी शहर अलाबामाकी ३२ वर्षीया महिलाले दुई वटा पाठेघर लिएर जन्मेकी र दुवैमा गर्भवती भएकी महिलाले छुट्टाछुट्टै दिनमा जुम्ल्याहा छोरीलाई जन्म दिनुभएको छ ।



केल्सी ह्याचरले आफ्नो इन्स्टाग्राम अकाउन्ट 'डबलुह्याचलिंग्स' मा आफ्नो कहानी शुक्रबार लेख्नुभएको छ, "हाम्रा चमत्कारिक बच्चाहरू जन्मेका छन् !"

रोक्सी लैला नाम की जेठी छोरीको जन्म मङ्गलवार साँझ ७ :४९ बजे भएको हो भने अर्की जुम्ल्याहा शिशु रिबेल लेकेनको बुधबार बिहान ६:०९ बजे जन्म भएको हो ।

ह्याचरले भन्नुभयो, "चिकित्सकहरूले उनीहरूको जन्म क्रिसमसतिर हुने अनुमान गरेका थिए, तर बहिनीहरू आफ्ना भाइबहिनीहरूसँग छुट्टी मनाउनको लागि समयमा नै आइपुगे ।"

आमा र छोरीहरूलाई अस्पतालबाट डिस्चार्ज गरिएको छ । ह्याचरले भविष्यमा गर्भाधानदेखिका सबै विवरण सार्वजनिक गर्ने वाचा गर्नुभएको छ ।

ह्याचरलाई १७ वर्षको उमेरदेखि नै 'गर्भाशय डिडेल्फिस' छ भन्ने थाहा थियो । यो एक दुर्लभ जन्मजात अवस्था हो जसले बच्चा जन्माउने लगभग ०.३ प्रतिशत महिलाहरूलाई असर गर्दछ । उहाँको गर्भाधानलाई लाखौँमा महिलामध्ये एक जनामा पाइने दुर्लभ घटना भनिएको छ ।

मे महिनामा नियमित आठ हप्ताको अल्ट्रासाउन्डका लागि अस्पताल पुगेकी मसाज थेरापिस्ट र पहिले नै तीन सन्तानकी आमा बनीसकेकी ह्याचरले यो पटक आफ्नो पेटमा जुम्ल्याहा बच्चा रहेको र त्यो पनि आफ्नो दुर्लभ दुई वटा गर्भाशयमा एक एक वटा भ्रुण रहेको थाहा पाउनुभएको थियो ।

बर्मिङ्घमको महिला तथा शिशु केन्द्रस्थित अलाबामा विश्वविद्यालयमा ह्याचरको हेरचाह गर्ने प्रसूति तथा स्त्रीरोग विशेषज्ञ श्वेता पटेलका अनुसार दुवै गर्भाशयमा गर्भधारण अत्यन्त दुर्लभ छ ।

ह्याचरका अनुसार सन् २०१९ मा बङ्गलादेशमा २० वर्षीया आरिफा सुल्तानाले २६ दिनको फरकमा स्वस्थ जुम्ल्याहा बच्चा जन्माउनुभएको थियो ।

# विश्वभर कोभिड-१९ का नयाँ सङ्क्रमितको सङ्ख्या ५२ प्रतिशतले वृद्धि

**एएनआई**

नयाँदिल्ली । पछिल्लो चार हप्तामा कोभिड-१९ का नयाँ सङ्क्रमितको सङ्ख्या ५२ प्रतिशतले वृद्धि भएको विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले जनाएको छ ।

डब्लुएचओले जारी गरेको पछिल्लो प्रेस विज्ञप्तिमा भनिएको छ, "पछिल्लो २८ दिनमा कोभिड सङ्क्रमितको मृत्यु सङ्ख्या आठ प्रतिशतले कमी आई विश्वभर कूल तीन हजारभन्दा बढी थप मृत्यु भएको छ ।

डिसेम्बर १७ सम्ममा कोभिड-१९ सुरु भएयता विश्वभर ७७ करोड २० लाखभन्दा बढी सङ्क्रमित पुष्टि भएका छन् भने करिब ७० लाख कोभिड सङ्क्रमित व्यक्तिको मृत्यु भइसकेको छ ।

कोभिड-१९ का एक लाख १८ हजार भन्दा बढी नयाँ अस्पताल भर्ना भएका र एक हजार ६०० भन्दा बढी नयाँ सघन उपचार कक्ष (आइसियु) मा भर्ना भएका डब्लुएचओले जनाएको छ ।

डब्लूएचओले मानिसहरूलाई उपलब्ध सबै उपकरणहरू प्रयोग गरेर सङ्क्रमण र गम्भीर रोगबाट बच्न उपायहरू अपनाउन सल्लाह दिएको छ । यसमा भीडभाड, बन्द वा हावा नचल्ने ठाउँमा मास्क लगाउने, अरूबाट सुरक्षित दूरी कायम गर्ने, श्वासप्रश्वाससम्बन्धी नियम पालना गर्ने, खोक्दा र हाच्छ्यूँ गर्दा नाक मुख छोप्ने, नियमित रूपमा हात सफा गर्ने, कुनै लक्षण देखिएमा वा कोभिड-१९ वा इन्फ्लुएन्जा भएको व्यक्तिको सम्पर्कमा आएको भए परीक्षण गर्ने जस्ता विषय समावेश छन् ।

# घरको छत भत्किँदा उत्तरी लेबनानमा ४ जना सिरियाली शरणार्थी बालबालिकाको मृत्यु

**सिन्ह्वा**

बेरुत । उत्तरी लेबनानी शहर मिजियारामा भारी वर्षाका कारण घरको छत भत्किँदा शुक्रबार राति चार सिरियाली शरणार्थी बालबालिकाको मृत्यु भएको राष्ट्रिय समाचार एजेन्सीले शनिबार जनाएको छ।

सिरियाली शरणार्थी परिवार बसेको घरको भग्नावशेषबाट सिरियाली सुरक्षाकर्मीले दुई बालबालिकाको शव फेला पारेका छन् भने अन्य दुई शवको उत्खनन भइरहेको बताइएको छ ।

लेबनानमा हाल करिब २० लाख सिरियाली शरणार्थीहरू छन् । लेबनानमा जारी आर्थिक सङ्कटका बीच डरलाग्दो परिस्थितिमा बाँचिरहेको भए तापनि, सिरियाली शरणार्थीहरू कानुनी कारबाहीबाट बच्न स्वदेश फर्कन अस्वीकार गरिरहेका छन् ।

लेबनानले अभूतपूर्व आर्थिक सङ्कटको सामना गरिरहेको छ । यहाँको ८० प्रतिशत भन्दा बढी जनसङ्ख्या गरिबीको रेखामुनि छ।

# म्यानमारमा ६३.५ किलोग्राम कच्चा अफिम बरामद

**सिन्ह्वा**

याङ्गुन । म्यानमारको मण्डले र सागिङ क्षेत्रबाट ६३.५ किलोग्राम कच्चा अफिम बरामद गरिएको छ । लागुऔषध दुरुपयोग नियन्त्रणका लागि केन्द्रीय समितिले शनिबार जारी गरेको विज्ञप्ति अनुसार गोप्य सूचनाका आधारमा लागुऔषध विरोधी कारबाहीका क्रममा प्रहरीले शुक्रबार मण्डले क्षेत्रको आङम्यायथाजान टाउनसिपमा रहेको बस स्टेशनमा एक जना महिलाको पार्सलको खोजी गरी ४५.५ किलो कच्चा अफिम बरामद गरेको हो ।

प्रहरीले शुक्रबार सागाङ क्षेत्रको सागाङस्थित यादनाबोन पुल नजिक एउटा यात्रुवाहक गाडीमा खोजतलास गर्दा १८ किलो काँचो अफिम बरामद गरेको छ । सो घटनामा दुई जना महिला पक्राउ परेका छन् ।

# आठ लाख अफगानी शरणार्थी स्वदेश फिर्ता : अफगान अधिकारी

**सिन्ह्वा**

काबुल । गत अक्टोबरदेखि करिब आठ लाख अफगानी शरणार्थीहरू आफ्नो मातृभूमि अफगानिस्तान फर्किएको अफगानी सरकारका प्रमुख प्रवक्ता जबिहुल्लाह मुजाहिदले बताउनुभएको छ ।

"अक्टोबरदेखि करिब ८ लाख शरणार्थीहरू घर फर्किएकोमा आधा पाकिस्तानबाट फर्किएको स्थानीय टेलिभिजन च्यानल टोलोन्युजले मुजाहिदलाई उद्धृत गर्दै जनाएको छ । फर्कन बाँकी शरणार्थीमध्ये अधिकांश इरानबाट तथा हजारौं टर्किएबाट रहेको मुजाहिदले बताउनुभयो ।

पच्चिस लाखभन्दा बढी अफगान शरणार्थीहरू पाकिस्तानमा र त्यति नै सङ्ख्या इरानमा बस्दै आएका छन् ।

शरणार्थी तथा स्वदेश फिर्ता मामिला मन्त्री अर्सला खरोतीले दैनिक हजारौं अफगान शरणार्थी स्वदेश फर्किएको पुष्टि गर्नु भएको छ ।

अधिकारीहरूका अनुसार लाखौं अफगानीहरू विदेशमा शरणार्थीको रूपमा बस्दै आएका छन् ।

# ग्रीसद्वारा भू-मध्य सागरबाट ८१ आप्रवासीको उद्धार

**सिन्ह्वा**

एथेन्स । भूमध्यसागरस्थित अन्तरराष्ट्रिय जल क्षेत्रबाट ८१ जना आप्रवासीको ग्रीक अधिकारीहरूले उद्धार गरेका छन् । ग्रीसको राष्ट्रिय प्रसारकले शुक्रबार दिएको जानकारीमा घटनामा बेपत्ता तथा क्षतिको विवरण भने खुलाइएको छैन ।



फ्रान्सेली झण्डासहितको मालवाहक जहाज ग्रीसको समुद्री तटबाट करिब १२० माइल टाढाको क्षेत्रमा फसेको थियो ।

डुङ्गामा सवार ८१ जनालाई ग्रीसको पेलोपोनिज प्रायद्वीपको कालामाता बन्दरगाह सहरमा सारिएको छ।

गत बर्ष पनि यही क्षेत्र र समयमा क्षमताभन्दा बढी धेरै सामान लिएर इटालीतर्फ जाँदै गरेको डुङ्गा पेलोपोनीज प्रायद्वीपको समुद्रमा डुबेको थियो । उक्त डुङ्गामा यात्रारत ग्रीसको १०४ जनालाई कोस्ट गार्डले सकुशल उद्धार गरेको थियो भने ८२ जनाको मृत शरीरलाई पानीबाट निकाली आफन्तलाई बुझाइएको थियो ।

सन् २०१५ मा शरणार्थी आप्रवासन सङ्कट सुरु भएदेखि, एक लाख भन्दा बढी मानिसहरू ग्रीस पुगेका छन् । जसमध्ये अधिकांश युरोपेली देशहरू तर्फ लागेका छन् ।

युरोपेली परिषद् तथा संसद्ले बुधबार एक अस्थायी सम्झौता गरी यस मुद्दामा वर्षौंको गतिरोध तोड्दै शरण र आप्रवासन नीतिलाई पूर्ण रूपमा सुधार गर्ने अपेक्षा गरिएको छ ।

## सरकारको एक वर्ष

# सकारात्मक लयमा अर्थतन्त्र

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकार बनेको एक वर्ष पुग्दैछ । यो सरकारले आफ्नो जिम्मेवारी सम्हाल्दै गर्दा मुलुकको आर्थिक अवस्था सही लयमा थिएन । कोभिड-१९ महामारीको असर, रुस-युक्रेन युद्धलगायतका कारण अर्थतन्त्रको आन्तरिक र बाह्य क्षेत्र निकै चापमा थियो । वर्षौंदेखिका समस्या थपिँदै र गहिरिँदै जाँदा सरकारले चाहेजस्तो सुधार र परिवर्तन हुन नसकेको अनुभव गरिएको छ।

अघिल्लो वर्षका तुलनामा अहिले आर्थिक सूचक सकारात्मक दिशातर्फ अघि बढेका देखिन्छन् । वित्तीय र मौद्रिक क्षेत्रमा केही आशाका सङ्केत देखिन थालेका छन् । सरकारले पनि अर्थतन्त्र सुधार गर्नु नै आफ्नो प्रमुख प्राथमिकता रहेको बताइरहेको छ । सरकार गठन भएलगत्तै २०७९ पुस ११ गते बसेको मन्त्रिपरिषद् बैठकले अर्थतन्त्र सुधारका लागि विभिन्न नीतिगत, प्रक्रियागत र संस्थागत सुधारका काम अघि बढाउने गरी निर्णय गरेको थियो।

उक्त निर्णयबाट पनि सरकारको प्राथमिकता अर्थतन्त्र सुधार र सुशासन कायम गर्नमा केन्द्रित भएको रुपमा बुझ्न सकिन्छ । सरकारले थालेका सुधारका प्रयासले अहिले नतिजा पनि देखाउन थालेका छन् । मुख्य आर्थिक सूचक सकारात्मक छन् । बाह्य क्षेत्र निकै सहज अवस्थामा छ । विप्रेषण आप्रवाह र पर्यटन आगमनमा उल्लेख्य बढोत्तरी देखिएको छ।

### सूचकमा सुधार

पछिल्लो एक वर्ष अवधिमा मुलुकका मुख्य आर्थिक सूचकको अवस्था हेर्दा सुधारको सङ्केत देखिएको छ। गतवर्षको तुलनामा मूल्यवृद्धि घटेको छ। नेपाल राष्ट्र बैंकको तथ्याङ्क हेर्ने हो भने २०७९ मङ्सिर समान्तसम्ममा उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित मुद्रास्फीति सात दशमलव ३८ प्रतिशत थियो । चालु आर्थिक वर्षको पहिलो चार महिनाअर्थात् गत कात्तिक मसान्तसम्ममा मुद्रास्फीति पाँच दशमलव ३८ प्रतिशत रहेको छ।

गत वर्ष बाह्य क्षेत्र नराम्रोसँग बिग्रिएको अवस्थामा थियो। विसं २०७९ मङ्सिर मसान्तसम्ममा कूल विदेशी विनिमय सञ्चिति रु १२ खर्ब ९२ अर्ब ५६ करोड थियो। उक्त विदेशी विनिमय सञ्चितिबाट १० महिनाको वस्तु आयात र ८ दशमलव सात महिनाको वस्तु तथा सेवा आयात धान्न सक्ने अवस्था थियो । यस वर्षको कात्तिक मसान्तसम्म विदेशी विनिमय सञ्चिति रु १६ खर्ब ९६ अर्ब पुगेको छ । चालु आवको चार महिनाको आयातलाई आधार मान्दा अहिलेको विदेशी विनिमय सञ्चितिले १३ दशमलव छ महिनाको वस्तु आयात र ११ दशमलव तीन महिनाको वस्तु तथा सेवा आयात धान्न सक्ने देखिन्छ।

गत वर्षको तुलनामा पर्यटन आगमन र विप्रेषण आप्रवाहमा उल्लेख्य सुधार देखिएको छ। सन् २०२३ को ११ महिनामा करिब नौ लाख ५४ हजार पर्यटक नेपाल भित्रिएको सरकारी तथ्याङ्क छ । त्यस्तै, चालु आवको पहिलो चार महिना अवधिमा विप्रेषण आप्रवाह २६ दशमलव चार प्रतिशतले बढेर रु चार खर्ब ७७ अर्ब ९६ करोड पुगेको छ । अहिले चालु खाता र शोधनान्तर स्थिति बचतमा देखिएका छन् । राष्ट्र बैंकको तथ्याङ्कअनुसार गत कात्तिक मसान्तसम्ममा चालु खाता रु ९६ अर्ब ३८ करोडले बचतमा छ । वर्तमान सरकारले जिम्मेवारी सम्हाल्दै गर्दा अर्थात् २०७९ मङ्सिर मसान्तसम्ममा चालु खाता रु ३७ अर्ब ९१ करोडले घाटामा थियो । त्यस्तै, चालु आवको पहिलो चौमासिक बित्दासम्म शोधनान्तर स्थिति रु एक खर्ब ४७ अर्ब ११ करोडले बचतमा छ। यो सरकार बन्दै गर्दा शोधनान्तर स्थिति रु ४५ अर्ब ८७ करोडले बचतमा थियो।

बैंक तथा वित्तीय संस्थाको ब्याजदर घट्दो क्रममा छ। सरकारले कार्यभार सम्हाल्दै गर्दाको अवस्था हेर्ने हो भने २०७९ मङ्सिरमा वाणिज्य बैंकहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर सात दशमलव ९६ प्रतिशत थियो। मौद्रिक नीतिको सञ्चालन लक्ष्यको रुपमा लिइने औसत अन्तर-बैंक ब्याजदर आठ प्रतिशत र वाणिज्य बैंकहरुको औसत आधारदर १० दशमलव ६९ प्रतिशत थियो । त्यस्तै, वाणिज्य बैंकहरुको निक्षेपको भारित औसत ब्याजदर आठ दशमलव ४६ प्रतिशत र कर्जाको भारित औसत ब्याजदर १२ दशमलव ७४ प्रतिशत रहेको थियो।

बैंक ब्याजदर घटाउन उद्योगी, व्यवसायीको लगातारको आग्रहको सुनुवाइ भएको छ। गत वर्षको तुलनामा चालु आवमा ब्याजदरको अवस्था हेर्ने हो निकै घटेको छ । अन्तर बैंक कारोबारको भारित औसत ब्याजदर २०७९ कात्तिकमा आठ दशमलव ५० प्रतिशत रहेकामा गत कात्तिकमा तीन दशमलव ४७ प्रतिशत रहेको छ । त्यस्तै चालु आवको पहिलो चार महिना अवधिसम्ममा वाणिज्य बैंकहरुको औसत आधार दर नौ दशमलव ७४ प्रतिशत, विकास बैंकहरुको १२ प्रतिशत र वित्त कम्पनीको १३ दशमलव ३३ प्रतिशत रहेको छ । जबकी अघिल्लो वर्षको कात्तिकमा वाणिज्य बैंकहरुको औसत आधार दर १० दशमलव ६० प्रतिशत रहेको थियो।

गत कात्तिकमा वाणिज्य बैंकको निक्षेपको भारित औसत ब्याजदर सात दशमलव ७६ प्रतिशत, विकास बैंकहरुको नौ दशमलव ११ प्रतिशत र वित्त कम्पनीको १० दशमलव ०२ प्रतिशत रहेको छ। गत वर्ष कात्तिकमा वाणिज्य बैंकहरुको निक्षेपको भारित औसत ब्याजदर आठ दशमलव ३२ प्रतिशत कायम भएको थियो।

त्यसैगरी, कर्जाको भारित औसत ब्याजदर गत कात्तिकमा वाणिज्य बैंकहरुको ११ दशमलव ९६ प्रतिशत, विकास बैंकहरुको १३ दशमलव ७० प्रतिशत र वित्त कम्पनीको १४ दशमलव ४८ प्रतिशत रहेको छ। विसं २०७९ कात्तिकमा वाणिज्य बैंकहरुको कर्जाको भारित औसत ब्याजदर १२ दशमलव ६५ प्रतिशत पुगको राष्ट्र बैंकको तथ्याङ्कबाट देखिन्छ।



ब्याजदर घटाउन चालु आवको मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षामार्फत राष्ट्र बैंकले बैंक दरलाई सात दशमलव पाँच प्रतिशतबाट घटाएर सात प्रतिशतमा कायम गरेको छ भने नीतिगत दरलाई छ दशमलव पाँच प्रतिशतबाट घटाएर पाँच दशमलव पाँच प्रतिशतमा कायम गरिएको छ। त्यसैगरी निक्षेप सङ्कलन बोलकबोल दरलाई साढे चार प्रतिशतबाट घटाएर तीन प्रतिशत कायम गरिएको छ।

### बढ्दो सार्वजनिक ऋण र घाटा बजेट

आव २०८०/८१ को पहिलो चौमासिक अवधिमा मात्र रु ५७ अर्ब ७१ करोडभन्दा बढी सार्वजनिक ऋण थपिएको छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार गत असार मसान्तसम्ममा रु २२ खर्ब ९९ अर्ब ३५ करोड २४ लाख बराबर रहेको सार्वजनिक ऋण कात्तिक मसान्तसम्म पुग्दा रु २३ खर्ब ५७ अर्ब छ करोड नाघेको हो । कार्यालयको गत कात्तिक मसान्तसम्मको तथ्याङ्कअनुसार हालसम्म नेपालले तिर्न बाँकी आन्तरिक ऋण रु ११ खर्ब ८३ अर्ब ५७ करोड २१ लाख र बाह्य ऋण रु ११ खर्ब ७३ अर्ब ७९ करोड ६६ लाख रहेको छ। चालु आवको पहिलो चौमासिक अवधिमा सरकारले गरेको पुँजीगत खर्चभन्दा सार्वजनिक ऋणको साँवा र ब्याज भुक्तानीमा गरेको खर्च करिब तीन गुणाले बढी छ। गत कात्तिक मसान्तसम्ममा सरकारले रु २९ अर्ब ९८ करोड ९४ लाख बराबर पूँजीगत खर्च गरेको छ। जबकी यही अवधिमा सरकारले सार्वजनिक ऋणको साँवा ब्याज भुक्तानीमा भने रु ८१ अर्ब ६४ करोड ४४ लाख बराबर खर्च गरेको छ।

पछिल्ला वर्षहरुमा सरकारले पुँजीगत खर्च गर्न नसक्ने तर सार्वजनिक खर्चको दायित्व भने बढ्दै जाने स्थितिको सामना मुलुकले गरिरहेको छ । पुँजी निर्माणका क्षेत्रमा खर्च गर्न नसक्नु तर साधारण प्रकृतिको खर्च व्यवस्थापनका लागि पनि सरकारी राजस्वले धान्न नसक्नुलाई ठूलो समस्याका रुपमा लिन सकिन्छ । सरकार पुँजीगत खर्च गर्न नसक्ने तर न्यून राजस्व उठेका कारण घाटा बजेट बढ्ने अवस्था अहिले छ।

चालु आवका लागि सरकारले ल्याएको वार्षिक बजेट कार्यान्वयनको अवस्था हेर्दा अपेक्षाकृत उपलब्धि हासिल हुन सकेको देखिँदैन । महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्कअनुसार गत मङ्सिर मसान्तसम्ममा सरकारको आम्दानीभन्दा खर्च बढी छ। चालु आवका लागि सरकारले कुल रु १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख बराबरको बजेट ल्याएको थियो । मङ्सिर मसान्तसम्म आइपुग्दा सरकारको बजेट खर्च रु चार खर्ब ५२ अर्ब ९९ करोड ५७ लाखअर्थात् वार्षिक लक्ष्यको २५ दशमलव ८७ प्रतिशत छ । पछिल्लो पाँच महिना अवधिमा चालु खर्च ३१ दशमलव ५३, पुँजीगत खर्च ११ दशमलव ९४ र वित्तीय व्यवस्थातर्फको खर्च १८ दशमलव ५२ प्रतिशत छ।

यहि अवधिमा सरकारको राजस्व सङ्कलन पनि लक्ष्यअनुसार हुन सकेको देखिँदैन। चालु लागि कूल रु १४ खर्ब ७२ अर्ब ४८ करोड ४७ लाख बराबर राजस्व उठाउने सरकारी लक्ष्य रहेकामा मङ्सिर मसान्तसम्ममा वार्षिक लक्ष्यको २६ दशमलव ०७ प्रतिशतअर्थात् रु तीन खर्ब ८३ अर्ब ९२ करोड ४२ लाख बराबर मात्रै राजस्व उठेको छ। यो अवधिसम्मको सरकारको आय-व्ययको विश्लेषण गर्दा रु ६९ अर्ब सात करोड १५ लाख बराबर बजेट घाटा सरकारले व्यहोरेको देखिन्छ।

### पूर्वाधार विकासको प्रयास

पछिल्लो एक वर्षमा सरकारले पूर्वाधार विकासका क्षेत्रमा केही महत्वपूर्ण निर्णय गरेको छ। लामो समयदेखि अघि बढ्न नसकेका बूढीगण्डकी र कर्णाली चिसापानी जलाशययुक्त जलविद्युत् आयोजना अघि बढाउने गरी सरकारले काम गरिरहेको छ । त्यस्तै, विश्व बैंकको सहयोगमा माथिल्लो अरुण र एसियाली विकास बैंकको सहयोगमा दूधकोशी जलविद्युत् आयोजना अघि बढाउने सरकारको योजना छ। राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल गत वर्ष पुस १७ गते समुद्घाटन भई सञ्चालनमा आएको छ।

ऊर्जा र सिँचाइ क्षेत्रको विकासलाई प्राथमिकतासाथ अघि बढाइएको छ। मुलुकमा हालसम्म जडित विद्युत् क्षमता २८ सय मेगावाट हाराहारी र करिब ९४ प्रतिशत जनतामा विद्युत्को पहुँच पुगेको छ। स्वदेशमा उपभोग नभई बचत हुन जाने विद्युत् छिमेकी मुलुकमा निर्यात गर्ने व्यवस्थालाई तीव्रता दिइएको छ । आम जनतालाई स्वच्छ खानेपानी र आधारभूत सरसफाइ सेवा उपलब्ध गराउन विभिन्न कार्यक्रम सञ्चालनमा रहेको छ।

### छिमेकी मुलुकसंगको सम्बन्ध र उपलब्धि

पछिल्लो एक वर्षमा प्रधानमन्त्री दाहालले छिमेकी मुलुक भारत र चीनको भ्रमण गर्नुभएको छ। दाहालले गत जेठ १७ देखि २० गतेसम्म भारतको औपचारिक भ्रमण गर्नुभएको थियो । उक्त भ्रमणबाट व्यापार, पारवहन, लगानी प्रवर्द्धन, ऊर्जा व्यापार तथा क्रस बोर्डर ट्रान्समिसन लाइन, सिँचाइ, बाढी तथा डुबान नियन्त्रण, कृषिलगायतका क्षेत्रका महत्वपूर्ण सहमति भएका छन् । भारतसँग दीर्घकालीन ऊर्जा व्यापार र भारतीय भूमि हुँदै बङ्गलादेशसम्म नेपालको बिजुली निर्यातको सुरुआत गर्ने सैद्धान्तिक सहमति भई त्रिपक्षीय सम्झौताका लागि प्रक्रिया अघि बढाउने सहमति भएको छ। उक्त भ्रमणका क्रममा नेपालबाट १० वर्षमा १० हजार मेगावाट जलविद्युत् बेच्ने गरी प्रारम्भिक सम्झौतापत्रमा हस्ताक्षरसमेत भएको छ।

त्यस्तै, पञ्चेश्वर बहुउद्देश्यीय परियोजनाको तीन महिनाभित्र विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) टुङ्गाउने सहमति भएको थियो । महाकाली नदीमा सिर्सा पर्शुराम धाम (पूर्णागिरि माई) तथा झुलाघाटमा भारत सरकारको अनुदान सहयोगमा पक्की पुल निर्माण गर्ने सहमतिसमेत भएको थियो।

प्रधानमन्त्री दाहालको भारत भ्रमणका क्रममा नेपाल-भारत पारवहन सन्धि संशोधन गर्ने सहमति भएको थियो । त्यस्तै विभिन्न पूर्वाधार निर्माणमा सहकार्यका लागि पनि सहमति भएको थियो। भारतको आर्थिक तथा प्राविधिक सहयोगमा बाराकोअमलेखगञ्जदेखिचितवनको लोथरसम्म र भारतको सिलिगुढीदेखि झापाको चारआलीसम्म पेट्रोलियम पाइपलाइन विस्तार गर्ने सहमति भएको छ।

त्यस्तै, चार सय ८० मेगावाट उत्पादन क्षमताको फुकोट-कर्णाली, छ सय ६९ जलविद्युत् परियोजना विकाससम्बन्धी समझदारीपत्र हस्ताक्षर भएको थियो । सीमापार विद्युतीय भुक्तानीसम्बन्धी समझदारीपत्रमा पनि हस्ताक्षर भएको थियो।

त्यस्तै प्रधानमन्त्री दाहालले गत असोज पहिलो साता चीन भ्रमण गर्नुभएको थियो । उक्त भ्रमणका क्रममा दुई देशबीच विभिन्न क्षेत्रमा सहकार्य र आपसी सहयोगका लागि सम्झौता भएका छन् । मुख्यगरी अन्तरदेशीय विकास पूर्वाधार निर्माण, व्यापार प्रवर्द्धन तथा सहजीकरण, कुटनीतिक सम्बन्ध विस्तार तथा क्षेत्रीय सहयोगका लागि सहकार्य गर्न दुई देश सहमत भएका थिए। 'बेल्ट एन्ड रोड इनिसियटिभ फ्रेमवर्क' भित्र रहेर द्विपक्षीय सहकार्यका लागि सन् २०१७ मे १२ मा भएको सम्झौता अघि बढाउन 'बिआरआई कार्यान्वयन योजना' चाँडो टुग्याउने सहमति भएको थियो । त्यस्तै 'ट्रान्स-हिमालयन मल्टी डाइमेनसनल कनेक्टिभिटी नेटवर्क' निर्माण गर्न दुवै पक्ष सहमति जुटेको थियो। परम्परागत रुपमा चलेका चीन-नेपाल सीमा व्यापार नाकाहरू पुनः खोल्न चीन सहमत भएको थियो भने चेन्ताङ-किमाथाङ्का, रिवु-ओलाङचुङ्गोला बन्दरगाहलाई चाँडै नै खोल्नका लागि निरन्तर सम्पर्क रहने गरी दुवै पक्ष सहमत भएका थिए।

प्रधानमन्त्री दाहालको भ्रमणपछि अरनिको राजमार्ग मर्मतसम्भार आयोजनाको चौथो चरणको काम सुरु गर्न चिनियाँ पक्ष तयार भएको छ । त्यस्तै, स्याफ्रुबेँसी-रसुवागढी राजमार्ग मर्मत गर्ने सघाउने, टोखा-छहरे सुरुङमार्गको विस्तृत सम्भाव्यता अध्ययन गर्ने, काठमाण्डु चक्रपथ विस्तार आयोजनाको दोस्रो चरणको कामलाई तीव्रता दिनेलगायतका प्रतिबद्धता चीनले जनाएको छ । 'नेपाल-चाइना इलेक्ट्रिक पावर को-अपरेसन प्लान' लाई अन्तिम रुप दिने विषयमा पनि उक्त भ्रमणका क्रममा सहमति भएको थियो। दुई सय २० किलोभोल्ट क्षमताको जिलोङ-केरुङ-रसुवागढी-चिलिमे अन्तरदेशीय विद्युत् प्रशारण लाइनको काम जतिसक्दो चाँडो शुरु गर्नेमा दुवै पक्ष सहमत भएका थिए।

चीन-नेपाल मैत्री औद्योगिक पार्ककोआयोजनाविकाससम्झौता (पिडिए) गर्ने विषयमा पनि सहमति जुटेको थियो। व्यापार र भुक्तानी सम्झौताको समीक्षा तथा परिमार्जन गर्न संयुक्त प्राविधिक कार्य समूह (टेक्निकल वर्किङ ग्रुप) को स्थापनाका लागि दुई देशबीच समझदारीपत्रमा हस्ताक्षर भएको थियो। त्यसैगरी दुई देशबीच डिजिटल अर्थतन्त्र, डिजिटल पूर्वाधार एवं आर्टिफिसिल एन्टिलिजेन्सजस्ता क्षेत्रमा सहकार्यका लागि सहमति जुटेको थियो।

### सुधारको प्रयास र सकारात्मक भाष्य निर्माण

सरकार बनेलगत्तै सङ्घीय मन्त्रालय र मातहतका निकायमा २० प्रतिशत खर्च कटौती गर्ने निर्णय भएको थियो । सरकारले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत सबै जिल्ला समन्वय समिति र स्थानीय तहलाई चालु खर्चमा २० प्रतिशत कटौती गर्न परिपत्र गरेको थियो । इन्धन, पत्रपत्रिका खर्च, भत्ता, कार्यालय सञ्चालनलगायत विभिन्न शीर्षकमा खर्च कटौती भएको थियो । त्यस्तै, पछिल्लो एक वर्षमा सरकारले अर्थतन्त्रप्रतिको बुझाइबारे सकारात्मक धारणा बनाउन निजी क्षेत्र, सर्वसाधारणलगायतलाई पटक-पटक आग्रह गरिरहेको छ।

अर्थतन्त्रबारे नकारात्मक धारणा हाबी भएका कारण पनि लगानी बढ्न नसकेको र अर्थतन्त्रमा थप शिथिलता देखिएको हुनसक्ने बुझाइ सरकारको छ। यसकारण पनि सकारात्मक सोच राखेर खस्केको मनोबल उकास्ने रणनीतिमा सरकार रहेको बुझ्न सकिन्छ । निजी क्षेत्रको व्यावसायिक आत्मविश्वास जगाउन पनि उद्योगी व्यवसायीसँग निरन्तर छलफल र अन्तरक्रिया सरकारले गरिरहेको छ । बैंक तथा वित्तीय क्षेत्र र निजी क्षेत्रका गुनासा सम्बोधन गर्न नियामक नेपाल राष्ट्र बैंकसँग समन्वय गरी वित्तीय र मौद्रिक नीतिको सन्तुलनका लागि पनि सरकारले प्रयास गरिरहेको छ।

### लगानी सम्मेलनको तयारी

आगामी वैशाख ९ र १० गते काठमाण्डु मा अन्तर्राष्ट्रियस्तरको लगानी सम्मेलन गर्ने सरकारको तयारी छ। लगानी सम्मेलन आयोजना गर्न अर्थमन्त्रीको संयोजकत्वमा निर्देशक समिति, मुख्य सचिवको संयोजकत्वमा कार्यान्वयन समिति र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिवको संयोजकत्वमा प्राविधिक समिति रहेको छ । अहिले लगानी सम्मेलनको पूर्वतयारीका काम सरकारले गरिरहेको छ। रासस


**Government of Madhesh Province**

**Ministry of Energy, Irrigation & Water Supply**

**Water Supply and Sanitation Division Office**

**Division No. 2, Jaleshwor, Mahottari**

**Invitation for Electronic Bids**

First Date of Publication: 2080/09/08 (24th Dec 2023)

Water Supply & Sanitation Division Office, Jaleshwor, Mahottari invites electronic bids only from Nepalese eligible bidders for following work under National Competitive Bidding procedures. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Office of Water Supply & Sanitation Division Office, Jaleshwor, Mahottari, wssdomahottari@gmail.com, 044-520468 or may visit PPMO website www.bolpatra.gov.np/egp.

| Contract No. | Name of Work | Name of Project | Bid Fee (NRs.) | Bid Security Amount (NRs.) | Estimate Cost (with VAT & PS) |
|---|---|---|---|---|---|
| 02/NCB/HDPE-Pipe/2080-81/WSSDO-MAHOTTARI | The supply & Delivery of HDPE Pipes | Different wsp of Dhanusha & Mahottari | 3000 | 495000.00 | 17651078.72 |
| 03/NCB/OHT/2080-81/WSSDO-MAHOTTARI | The Construction of over Head Tank of 100 cum | Gaushala Na.Pa.-11 WSP | 3000 | 325000.00 | 11542728.85 |
| 04/NCB/OHT/2080-81/WSSDO-MAHOTTARI | The Construction of over Head Tank of 225 cum | Ramol WSP | 3000 | 410000.00 | 14580141.57 |
| 05/NCB/OHT/2080-81/WSSDO-MAHOTTARI | The Construction of over Head Tank of 225 cum | Hanshpur Na. Pa. -5 Suganikash WSP | 3000 | 410000.00 | 14580141.57 |
| 06/NCB/OHT/2080-81/WSSDO-MAHOTTARI | The Construction of over Head Tank of 225 cum | Bakhri WSP | 3000 | 410000.00 | 14580141.57 |
| 07/NCB/OHT/2080-81/WSSDO-MAHOTTARI | The Construction of over Head Tank of 225 cum | Dhrubkunda WSP | 3000 | 410000.00 | 14580141.57 |
| 08/NCB/OHT/2080-81/WSSDO-MAHOTTARI | The Construction of over Head Tank of 225 cum | Bateshwor-3 WSP | 3000 | 410000.00 | 14580141.57 |
| 09/NCB/Boring/2080-81/WSSDO-MAHOTTARI | The Drilling & Installation of Deep Tubewell | Naktajhij WSP | 3000 | 95000.00 | 3486002.32 |

For Division Chief



**Parsa Rural Municipality**

**Office of Rural Municipality Executive**

**Parsa, Sarlahi**

**Madhesh Province, Nepal**

**INVITATION FOR BIDS**

**National Competitive Bidding**

| S. N. | Name of Office | IFB No. | Job Description | Eastimated Amount(NRs.) with VAT |
|---|---|---|---|---|
| 1 | Parsa Rural Municipality, Sarlahi | PRM/NCB/Works/02-2080/081 | Construction of School building at adharbhut school parsa 6, sarlahi | |
| 2 | Parsa Rural Municipality, Sarlahi | PRM/NCB/Works/03-2080/081 | Construction of RCC Bakulwa Drain | |

For More Details Please Visit PPMO Website: www.bolpatra.gov.np/egp

# गुणस्तरहीन कार्यप्रति स्थानीयको आपत्ति

**राकेश यादव**

गौर । रौतहट जिल्लाको मौलापुर नगरपालिका-३ गम्हरियामा निर्माण भइ रहेको श्री गम्हरिया माध्यमिक विद्यालय भवनमा स्टीमेट विपरीत निर्माण सामग्री उपभोक्ता समितिले प्रयोग गरिरहेकोप्रति स्थानीयले आपत्ति जनाएका छन् ।

मौलापुर नगरपालिकाबाट २ करोड़ ७५ लाख र उपभोक्ता समितिले व्यहोर्ने ३१ लाख गरी जम्मा ३ करोड़ ६ लाखको लागतमा निर्माण कार्य शुरू गरिएको विद्यालय भवनको जगमा नै स्टीमेट विपरीत सिमेन्ट, गिट्टी र बालुबाको प्रयोग गरिएकोको गुनासो स्थानीयहरुको रहेको छ ।

आर्थिक बर्ष २०८०/०८१ मा कार्य सम्पन्न हुने गरी आर्थिक वर्ष २०७९/०८० मा कार्य सुरू भएको विद्यालयको भवन ब्लाक 'ए' र ब्लाक 'बी' को फाउण्डेशन तथा पिलरको कार्यमा प्राविधिकको मिलेमतोमा सिमेन्ट भन्दा बढ़ी बालुवा मिसाएर फाउण्डेशन र पिलर तयार गरिएको स्थानीय हरेन्द्रराय यादवले आरोप लगाएका छन् ।

रौतहट निर्वाचन क्षेत्र नम्बर ३ का प्रतिनिधि सभा सदस्य प्रभु साहले आफ्नो पक्षको व्यक्तिलाई उपभोक्ता समिति बनाएर निर्माण गर्न लागिएको भवनको कार्य गुणस्तरहीन भएको भन्दै यादवले उपभोक्ता समिति, वड़ा अध्यक्ष , इन्जिनियर, प्रमुख प्रशासकीय अधिकृत, मजदुर समेत गरी १२ जना माथि जिल्ला प्रशासन कार्यालय रौतहटमा उजुरी समेत दिएको बताए ।



**आर्थिक बर्ष २०८०/०८१ मा कार्य सम्पन्न हुने गरी आर्थिक वर्ष २०७९/०८० मा कार्य सुरु भएको विद्यालयको भवन ब्लाक "ए" र ब्लाक "बी" को फाउण्डेशन तथा पिलरको कार्यमा प्राविधिकको मिलेमतोमा सिमेन्ट भन्दा बढी बालुवा मिसाएर फाउण्डेशन र पिलर तयार गरिएको स्थानीय हरेन्द्रराय यादवले आरोप लगाएका छन् ।**

उपभोक्ता समितिको अध्यक्षतामा वड़ा नम्बर ३ का वड़ा अध्यक्ष महेश महतोको काकाको छोरा दिनेश महतो रहेका छन भने १ करोड़ ३९ लाख लागत भएको अर्को भवनको उपभोक्ता समितिको छबिलाल साह रहेका छन् ।

१ करोड़ भन्दा कमको योजना उपभोक्ता समिति मार्फत सञ्चालन गर्नुपर्ने क़ानुनी प्रावधान रहेकोमा मौलापुर नगरपालिकाका निमित प्रमुख प्रशासकीय अधिकृत राम बाबू साहले सार्वजानिक खरीद ऐन विपरीत १ करोड़ ३९ लाख एउटा उपभोक्ता समिति बनाएको पूर्व वड़ा अध्यक्ष वीरवल राय यादवले आरोप लगाए ।

सरकारी भवनको निर्माण ठेक्का प्रक्रियाबाट हुनु पर्नेमा रकम अनियमितता गर्ने उद्देश्यले ३ करोड़ ६ लाखको दुइ वटा उपभोक्ता समिति बनाएको बताए ।

वड़ाध्यक्ष महेश कुशवाहाले भवन निर्माणमा लागत स्टीमेट अनुसार निर्माण सामग्री प्रयोग भइरहेको दाबी गरेका छन । सांसद प्रभु साहले आफ्नो रोहवरमा उपभोक्ता समिति बनाएको र कामको रेखदेख गर्ने जिम्मा हरेन्द्र यादवलाई नै दिएकोमा उनले नै भवनको फाउण्डेशनसम्मको काम गराएको बताए । रेखदेख गरे बापत महिनाको १२ हजार रुपैयाँ दिने भनिएकोमा नदिएको कारण हरेन्द्र यादवले गलत प्रचार गर्न लागेको जनाए ।

# जनकपुरधामबाट अयोध्या भार पठाउँने तयारी

**टुडे समाचारदाता**

जनकपुरधाम । जनवरी २२ तारिखका दिन भारतको अयोध्यामा नवनिर्मित राम मन्दिरमा राम जीको प्राणप्रतिष्ठा हुने अवसरमा जनकपुरधामबाट भार पठाउने तयारी थालिएको छ । जानकी मन्दिरका महन्त राम तपेश्वर दासको संयोजकत्वमा स्थानीय, प्रदेश र संघ गरी कुल ११ सय सदस्यीय जनकपुरधाम अयोध्या भार यात्रा समिति समेत गठन गरिएको छ ।

मिथिला परम्परा अनुसार छोरीको नयाँ घर बन्दा हुने घरबासमा माइती पक्षबाट आभूषण, लत्ताकपडा र बर्ष भरिको खानाको सामग्री पठाइने गरिन्छ । सोही अनुरुप जानकी जीको माइत पक्ष मिथिलाबाट ती सामग्रीहरु पठाउन लागिएको जानकी मन्दिरका उत्तराधिकारी महन्त तथा समितिका संचालक राम रोशन दास बैष्णवले जानकारी दिए ।

शनिवार जानकी मन्दिरमा बसेको सर्वपक्षीय बैठकमा उत्तराधिकारी महन्त रोशनले जनकपुरधामबाट भार लिएर ४ तारिखमा प्रस्थान गरिने जानकारी दिए । बैठकमा उनले जनकपुरधामबासीहरुलाई विभिन्न प्रकारका पकवान वा फलफूल तथा अन्य सामग्री सहयोग गर्नका लागि आग्रह गरे । उनले भने-'जानकी जी सम्पूर्ण मिथिलाबासीको छोरी रहेका कारण सम्पूर्ण मिथिलाबासीको दायित्व अन्तर्गत पर्ने भएकाले कसैले भोलीको दिनमा यो नभनोस कि मैले मौका पाएन त्यस कारण भारका लागि सबैलाई आग्रह गरिएको छ ।'



बैठकमा उत्तराधिकारी महन्त रोशनले त्रेता युग पछि पहिलो पटक अयोध्या भार जान लागेका कारण यस कार्यक्रमलाई सम्भ र भव्य बनाउन सम्पूर्ण नगरबासी संग आग्रह गरे । उनले ४ तारिखको यहाँबाट प्रस्थान गरिने कार्यक्रम रहेको हुनाले ३ तारिखको जे जति सामग्री हुन्छ जानकी मन्दिरमा पुर्याउन आग्रहसमेत गरे । उनले पकवानहरुलाई बासँको डालामा सजाएर ल्याउन आग्रह गर्दै त्यसमा आफ्नो नाम परिचय समेत उल्लेख गर्न आग्रह गरेका छन् ।

उनले जनकपुरधामबाट जलेश्वरनाथ हुलाकी सडक हुँदै मलंगवा (बलारा) बाट सिम्रौनगढ-गढीमाइ-वीरगञ्जमा रात्री विश्राम गर्ने योजना रहेको बताए । भोलि पल्ट ८ बजे यात्रा प्रारम्भ हुने र वीरगञ्जको जानकी नगर गेट हुँदै बेतिया कुशीनगर सिद्धार्थनगर हुँदै गोरखपुर अयोध्यामा पुगेर रात्रि विश्राम गर्ने कार्यक्रम रहेको उत्तराधिकारी महन्त रोशनले जानकारी दिए । अध्योध्या पुगेको भोलि पल्ट ६ तारिखको ९ बजे विधिवत राम जन्मभूमि राममन्दिर ट्रष्टलाई सम्पूर्ण भार हस्तान्तरण गर्ने कार्यक्रम रहेको उनले जानकारी दिए ।

# मन्त्री किराँतीको राजीनामा माग

**टुडे समाचारदाता**

जनकपुरधाम । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किराँतीले आपत्तिजनक अभिव्यक्ति दिएको भन्दै तत्काल राजीनामा दिनुपर्ने माग अन्तर र्राष्ट्रिय हिन्दू परिषद् नेपालले गरेको छ ।

शनिबार एक प्रेस विज्ञप्ति जारी गर्दै परिषद्का प्रदेश अध्यक्ष हेमशंकर अरगरियाले संस्कृति मन्त्री किराँतीको अभिव्यक्ति भर्त्सनायोग्य रहेकाले अयोग्य मन्त्री किराँतीले तत्काल राजीनामा दिनुपर्ने माग गरेको हो ।

मन्त्री किराँतीले दिएको अभिव्यक्तिप्रति क्षमायाचना माग्नुपर्ने र उनले आफै मन्त्रीको लागि अयोग्य रहेको घोषणा गर्नुपर्ने परिषद्का प्रदेश अध्यक्ष अरगरियाले बताए ।

सनातन धर्मले मान्छेलाई आफू प्रति, अरु मान्छे प्रति, अरु जिव प्रति, निर्जिव प्रति हाम्रो सही कर्तव्य र धर्म पालना रहेको भन्दै प्रदेश अध्यक्ष अरगरियाले मन्त्री किराँतीले साझा संस्कार र संस्कृति प्रदर्शन गर्न नसकेको बताए ।

संस्कृतिले व्यक्ति-व्यक्तिलाई जोड्ने काम गर्ने हुनाले यसलाई तोड्ने काम गर्न खोजेको आरोप संस्कृति मन्त्री किराँतीमाथि लगाएका छन् ।

८० प्रतिशत भन्दा बढी नेपाली हिन्दूहरुको आस्था र विश्वासमाथि मन्त्री किराँतीले विदेशीले ठाडो प्रहार गरे झैं हाम्रो गम्भीर ध्यानाकर्षण भएको भन्दै प्रदेश अध्यक्ष अरगरियाले आपत्ति जनाउँदै भर्त्सना गरेका छन् ।

## माओवादी नेतालाई गाँजा तस्करको आरोपमा पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । नारकोटिक्स विभागले धनुषामा माओवादी नेताको घरमा छापा मारेको छ ।

जिल्लाको धनुषाधाम नगरपालिका वडा नम्बर ५ स्थित नौसयविघामा रहेको नेकपा माओवादी केन्द्रका स्थानीय नेता विजय यादवको घरमा शनिबार काठमाण्डुबाट आएको विभागको टोलीले छापा मारी एक थान लाइसेन्सधारी बन्दुकसमेत बरामद गरेको जनाइएको छ ।

स्थानीय प्रशासनले केही बर्ष अघि लाईसेन्सधारी हतियार बुझाउन परिपत्र गरे पनि उनले भने नबुझाइएको धनुषा प्रहरीले जनाएको छ ।

विशेष सूचनाको आधारमा उनको घरमा छापा मारिएको नारकोटिक्स विभागले जनाएको छ । स्थानीय नेता यादवले दुई कठ्ठा जग्गामा लगाएको गाँजा खेतीसमेत नष्ट गरिएको छ । उनीमाथि गाँजा तस्करीको आरोप छ ।

उनलाई पक्राउ नगर्नका लागि स्थानीयस्तरबाट प्रहरीलाई दवाव परिरहेको बेला माथिल्लो निकायबाट नै छापामारी भएको बुझिएको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाको समन्वयमा छापामारी गरिएको थियो । आरोपित यादवलाई भने धनुषा प्रहरीले पक्राउ गरेको छ ।

जनतासँग माओवादी अभियानको क्रममा केही महिना अघि उनी नेपाली काँग्रेस परित्याग गर्दै माओवादी केन्द्रका मधेश प्रदेश इन्चार्ज लिलामणि पोखरेलले टिकाटालो लगाएर पार्टीमा प्रवेश गराएका थिए ।

# लालबकैया नदीको झोलुङ्गे पुल निर्माण कार्य अन्तिम चरणमा

**ओम प्रकाश यादव**

गरुडा । रौतहटको परोहा नगरपालिका-४ स्थित लालबकैया नदीमा करोडौंको लागतमा निर्माण भइरहेको झोलुङ्गे पुलको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।

परोहा नगरपालिकाको लौकाहा डमार चोक स्थित लालबकैया नदीमा पहिलो पटक झोलुङ्गे पुल निर्माण भइरहेको छ ।

सो पुल निर्माणको काम द्रुत गतिमा अगाडि बढेको छ । सो पुल लालबकैया नदीको जिल्लाकै पहिलो झोलुङ्गे पुल रहेको छ ।

लालबकैया नदीको धार लामो भएकोले जिल्लामा अहिलेसम्म लालबकैया नदीमा कतै झोलुङ्गे पुल निर्माण हुन नसकेको अवस्थामा पहिलो पटक परोहा नगरपालिका र इशनाथ गाउँपालिकालाई जोड्ने गरी लौकाहा गाउँ स्थित लालबकैयामा लामो झोलुङ्गे पुल निर्माण हुन लाग्दा त्यसभेगका स्थानीयहरु निकै हर्षित छन् ।



संघीय सरकारको सशर्त अनुदान अन्तर्गत २ करोड ८८ लाख १५ हजारको लागतमा ६ सय मिटर भन्दा लामो उक्त पुल निर्माण भइरहेको परोहा नगरपालिकाले जनाएको छ । पुल निर्माण गर्ने ठेक्का काठमाण्डुको सृजना स्वर्णिम अनुसुमन जेभीले पाएको छ ।

परोहा नगरपालिका कार्यालयसंग निर्माण कार्यको सम्झौता गरी ठेकेदार कम्पनी स्वर्णिम अनुसुमन जेभीले पुल निर्माणको काम धमाधम गरिरहेको पालिकाको योजना शाखाले जनाएको छ ।

सो नदीमा पुल नहुँदा स्थानीयहरु डुंगाबाट जोखिमपूर्ण यात्रा गर्न बाध्य छन् । पुलको अभावमा स्थानीयहरु डुंगाबाट जोखिमप्रर्ण यात्रा गर्दै आएको अवस्थालाई मध्यनजर गरी परोहा नगरपालिकाका मेयर शेख वकिलले झोलुङ्गे पुल निर्माणका लागि पहलकदमी लिएका थिए ।

पुल निर्माणको काम अन्तिम चरणमा पुगेको बताउँदै मेयर वकिलले अब केहिदिनमै निर्माणको काम सम्पन्न भइ पुल सञ्चालनमा आउने बताए ।

पुल निर्माण पश्चात परोहा नगरपालिका, राजपुर नगरपालिका र यमुनामाइ गाउँपालिकाका हजारौं नागरिकलाई लालबकैया नदी भएर आउजाउ गर्न सहज हुने छन् ।

पुल निर्माण भएपछि आन्तरिक तथा वाह्य पर्यटन प्रवर्द्धन भइ परोहा नगरपालिकाको आन्तरिक आय श्रोत समेत वृद्धि हुने अनुमान गरिएको छ ।

## वैदेशिक रोजगारमा जाँदा सचेत रहौं

- आधिकारिक कागजातका आधारमा मात्र वैदेशिक रोजगारमा जाऔं ।
- वैदेशिक रोजगारीमा पठाउने व्यक्ति वा संस्था अधिकारिक हो, होइन यकीन गरौं ।
- वैदेशिक रोजगारीका लागि पर्यटक भिसाको प्रयोग नगरौं ।
- श्रम स्वीकृति लिएरमात्र वैदेशिक रोजगारीमा जाऔं ।
- श्रम स्वीकृति बिना वैदेशिक रोजगारीमा जाने कामदारहरुलेः
  - ☞ करारबमोजिम काम र सुविधा नपाउने,
  - ☞ विदेशी भूमिमा पीडित बन्नुपर्ने,
  - ☞ स्वदेश फर्कन कठिनाई हुने,
  - ☞ कतिपय अवस्थामा जेल सजायसमेत भोग्नुपर्ने,
  - ☞ ज्यानसमेत गुमाउनु पर्ने लगायतका अवस्था आउन सक्छन् ।

नेपाल सरकार
विज्ञापन बोर्ड




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८